
# नेपाल हज समिति र हजयात्रा



प्रकाशक

नेपाल सरकार

गृह मन्त्रालय

**नेपाल हज समिति,**

सिहंदरबार, काठमाडौं ।

## नेपाल हज समितिका वर्तमान पदाधिकारीहरु



अध्यक्ष, ताज मोहम्मद मिया
चापाकोट न.पा.४ स्याङ्जा



ज्ञान प्रसाद ढकाल
सदस्य सचिव



सदस्य, कलिला खाँन
व्यास न.पा.२ तनहु



सदस्य, सहिदिन मियाँ
पाली २, अर्घाखाची



सदस्य, राज मोहम्मद राय
मोतिसुर-१, बारा



सदस्य, किफायतुल्लाह खा
कृष्णनगर-५, कपिलबस्तु



सदस्य, जलिल मिया
बटवल-७, रुपन्देही

## नेपाल हज समितिका वर्तमान पदाधिकारीहरु



सदस्य, अतिक अहमद
गुलरिया न.पा.-८ बर्दिया



सदस्य, मोहम्मद कादिर जोलाहा
नेपालगन्ज उ.म.न.पा.-६ बाके



सदस्य,अब्दल मोजिब खाँन
पतरिया-४, कपिलबस्तु



सदस्य, केशरसिंह मिया
साफे न.पा.१२ अछाम



सदस्य, मुस्लिम अन्सारी
गौर न.पा.-५ रौतहट



सदस्य, नजमा खातुन
बिरगन्ज-१६, पर्सा



सदस्य,इमाम हैदर
बिराटनगर -१६, मोरङ



सदस्य, हलिम अन्सारी
नेपालगन्ज -१५ बाके



सदस्य, लालमोहम्मद मियाँ
दवागढि-८, झापा



सदस्य, मुहम्मद कलिम,
पन्च कशिमरी, तकिया मस्जिद

सदस्य, मोहम्मद हलिम
हंसपर, ६ प्यठान

सदस्य, रफिक मिया
तनहुँ

## नेपाल हज समितिका वर्तमान पदाधिकारीहरु

प्रतिनिधि सदस्य
उपसचिव, परराष्ट्र मन्त्रालय

प्रतिनिधि सदस्य
उपसचिव, अर्थ मन्त्रालय

प्रतिनिधि सदस्य
उपसचिव, कानून न्याय तथा संसदिय मामिला मन्त्रालय

प्रतिनिधि सदस्य
उपसचिव, सस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय

### सल्लाहकारहरु

- माननीय जुनेद अन्सारी - पर्सा
- माननीय साविया प्रविन अन्सारी - बाँके
- माननीय अनारकली मिया - दाङ
- नजीर मिया - अर्घाखाँची
- सेराज अहमद फारुकी - कपिलवस्तु
- अली अख्तर मिकरानी - रौतहट
- अलि अकबर मिकरानी - रौतहट
- महमदिन अली - काठमाडौं
- नजरुल हुसेन फलाही - सुनसरी
- एहसान अहमद खाँ - कपिलवस्तु
- शेर अली मिया - स्याङजा
- हाजी अक्बर अली - तनहुँ

### लेखन तथा सम्पादन मण्डल



संयोजक
महमदिन अली



सदस्य
इमाम हैदर



सदस्य
जलिल मिया

उप- राष्ट्रपति

काठमाडौं, नेपाल



## शुभ-कामना

नेपाल हज समितिले ईस्लाम धर्मावलम्बीहरुको महान् पर्व ईद-२०७३ को अवसरमा 'नेपाल हज समिति र हज यात्रा' पुस्तिका प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई ज्यादै खुशी लागेको छ। म यो पुस्तिका प्रकाशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु। ईद पर्वको यस पावन अवसरमा यस पुस्तिका मार्फत सम्पूर्ण ईस्लाम धर्मावलम्बी दिदी-बहिनी तथा दाजुभाईहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

विभिन्न सरकारी निकाय तथा संघ संस्थाहरुले विशेष अवसरमा स्मारिका तथा वार्षिक पुस्तिकाहरु प्रकाशन गर्ने परम्परा छ। यस्ता पुस्तिकाहरुबाट सम्बन्धित कार्यालय, संघ संस्था वा सम्बन्धित विषयका बारेमा आमनागरिकमा सकारात्मक सन्देश प्रवाह गराउने महत्वपूर्ण अध्ययन सामाग्री तयार हुने गर्दछन्। नेपाल हज समितिले प्रकाशन गर्न लागेको 'नेपाल हज समिति र हजयात्रा' नामक पुस्तिका नेपाल हज समितिले सम्पादन गर्दै आएको कामकारवाही, हज र हजयात्रामा जाँदा तिर्थयात्रीहरुले ध्यान दिनुपर्ने विषयमा महत्वपूर्ण अध्ययन सामाग्रीको रुपमा तयार हुने मैले विश्वास लिएको छु।

अन्त्यमा, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र भौगलिक विविधताले भरिपूर्ण हाम्रो देशका सबै जाती, धर्म, संस्कृतिका नागरिकलाई आफ्नो धर्म संस्कृतिको संरक्षण गर्ने अधिकार छ। यो पुस्तिकाले ईस्लाम धर्मावलम्बीहरुको धर्मलाई अझै संरक्षित गर्न सकोस्, मेरो शुभकामना छ।

धन्यवाद!

२१ असार २०७३

(नन्दबहादुर पुन 'पासाङ')
उपराष्ट्रपति

---

नेपाल सरकार
**गृह मन्त्रालय**
सिंहदरबार, काठमाडौं
टेलिफोन नं.: ४२११२२५, फ्याक्स: ४२११२३२

**शक्तिबहादुर बस्नेत**
गृह मन्त्री



## शुभकामना

नेपाली मुस्लिम समुदायका मनिसहरु आफ्नो धार्मिक आस्थाका आधारमा साउदी अरवको मक्का मदिनामा प्रत्येक बर्ष हज गर्न जाने गर्नु भएको छ । यस कार्यको लागि गृह मन्त्रालयले हज समिति गठन गरी सो समिति मार्फत हजयात्रीहरुको व्यवस्थापन समेत गराउदै आएको छ ।

नेपाल हज समितिबाट प्रकाशन गर्न लागिएको "नेपाल हज समिति र हजयात्रा" नामक पुस्तकले नेपाल सरकार गृह मन्त्रालयबाट हजयात्राका लागि हज समिति मार्फत हालसम्म गरेका कार्यहरुका साथै हजयात्रा र हजयात्रा गर्दा ध्यान दिनुपर्ने कुराहरु,यसको प्रक्रियाका विषयहरुमा महत्वपूर्ण सूचना एवं जानकारी उपलब्ध गराउने कुरामा विश्वास लिएको छु ।

इस्लाम धर्मका प्रमुख पाँच आधारस्तम्भ मध्ये हज एक महत्वपूर्ण स्तम्भ भएकोले यस कार्यका लागि गृह मन्त्रालयबाट निरन्तर सहयोग रहदै आएको छ । प्रस्तुत पुस्तकको प्रकाशनले इस्लाम धर्म र हजयात्राका बारेमा जान्न इच्छुक सबै व्यक्तिहरुलाई आवश्यक जानकारी उपलब्ध गराउने विश्वास सहित प्रकाशनको लागि नेपाल हज समितिलाई धन्यवाद दिन चाहान्छु ।

२१ आषाढ २०७३
गृह मन्त्री

नेपाल सरकार

# गृह मन्त्रालय



पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मितिः २०७३/०३/१९

## शुभकामना

नेपाली मुस्लिम समुदायका मानिसहरु आफ्नो धार्मिक आस्थाका आधारमा साउदी अरबको मक्का मदिनामा प्रत्येक वर्ष हज गर्न जाने गर्नु भएको छ । यस कार्यको लागि गृह मन्त्रालयले हज समिति गठन गरी सो समिति मार्फत हजयात्रीहरुको व्यवस्थापन गराउदै आएको छ ।

नेपाल हज समितिबाट प्रकाशन गर्न लागिएको "नेपाल हज समिति र हजयात्रा" नामक पुस्तकले नेपाल सरकार गृह मन्त्रालयले हजयात्राका लागि हज समितिमार्फत हालसम्म गरेका कार्यहरुका साथै नेपाली मुस्लिम समुदायले हजयात्रा गर्दा ध्यान दिनुपर्ने कुराहरु, यसको प्रक्रियाका साथै मुस्लिम समुदायका लागि हजको महत्व जस्ता महत्वपुर्ण विषयहरुमा सूचना एंव जानकारी उपलब्ध गराउने कुरामा म विश्वस्त छु ।

इस्लाम धर्मका प्रमुख पाँच आधारस्तम्भ मध्ये हज एक महत्वपूर्ण स्तम्भ भएकोले यस कार्यका लागि गृह मन्त्रालयबाट निरन्तर सहयोग रहिरहने छ । प्रस्तुत पुस्तकको प्रकाशनले इस्लाम धर्म र हजयात्राका बारेमा जान्न इच्छुक सबै व्यक्तिहरुलाई आवश्यक जानकारी उपलब्ध गराउने कुरामा विश्वास राख्दै प्रकाशनको लागि नेपाल हज समितिलाई धन्यवाद दिन चाहन्छु ।

नारायणगोपाल मलेगो

सचिव

## प्रकाशकको तर्फबाट

मुस्लिम समुदायले अवलम्बन गर्ने धर्म इस्लाम हो । इस्लाम धर्मको ५ वटा आधार स्तम्भ अर्थात पिल्लरहरुमध्ये हज पनि एक प्रमुख हो । आर्थिक र शारिरीक रुपबाट सक्षम मुस्लिमहरुलाई हज अनिवार्य छ । नेपालबाट मुस्लिम समुदायहरु सदियौदेखि साउदी अरबको मक्का मदिनामा हज गर्न जाने आउने गर्दै आउनुभएको छ । नेपालबाट हाजीहरुको संख्या प्रत्येक वर्ष बढिरहेको छ । मुस्लिम समुदायको आर्थिक अवस्था, हज सम्बन्धी चेतना, धार्मिक शिक्षाको विकास, हज कार्यमा नेपाल सरकारको सहयोग, यातायातको विकास आदि कारणले पनि नेपाली हाजीहरुको संख्या दिन प्रतिदिन बढिरहेको छ ।

हरेक वर्ष नेपाली हाजीहरु हज गर्न जाने गर्नु भएको छ । नेपाली हाजीहरु कहिले देखि र कसरी हज गर्न जानुभएको थियो भन्ने विषयको कुनै लिखित आधारहरु हालसम्म फेला परेको छैन । विगतका हज समितिहरुले हज समितिको ईतिहास खोतल्ने कार्य गरेनन् । हजकार्य तथा हज सम्बन्धी गतिविधिलाई व्यवस्थित रुपमा राख्ने गरिएन । हज समितिले मात्र होइन अन्य कुनै संघ संस्था तथा व्यक्तिहरुले पनि अहिलेसम्म नेपालको हजयात्राको बारेमा लेख्ने कार्य गरेका छैनन् । हज समितिले गरेका कार्य, कार्य प्रगतीमा कस्ता बाधा अड्चनहरु आए र तिनीहरुको समाधान कसरी गरियो ? आगामी दिनहरुमा हज समितिमा देखा पर्न सक्ने समस्याहरु के( के हुन् ? तिनको समाधान कसरी गर्न सकिन्छ भन्ने बारेमा समेत सबैमा जानकारी गराउन पुस्तकको खाँचो थियो ।

नेपाल हज समितिको बैठकले नेपाल हज समिति र हजयात्रा बारे पुस्तक प्रकाशनका लागि गरेको निर्णय बमोजिम तीन सदस्यीय सम्पादन मण्डल गठन गरियो । पुस्तक लेख्ने कार्य आफैमा निकै कठिन बिषय हो तर पनि समितिले सूचना एवं तथ्यांकहरु संकलन र पुस्तकको खाका तयार पार्ने प्रारम्भिक जिम्मेवारी अधिवक्ता महमदिन अली संयोजक रहेको लेखन तथा सम्पादन मण्डललाई दिएकोमा वहाहरुले उक्त कार्य सम्पन्न गरी प्रकाशनका लागि समितिमा उपलब्ध गराउनु भएकोमा यो समिति वहाहरुलाई विशेष धन्यबाद दिन चाहन्छ र प्रकाशन कार्यमा सहयोग पुर्‍याउने सचिवालय कर्मचारीहरु तथा समितिका पदाधिकारीहरुलाई धन्यवाद दिदै नेपाल सरकार गृह मन्त्रालय र सम्बद्ध सबै निकायप्रति आभार व्यक्त गर्दछौं ।

## सम्पादन मण्डलको तर्फबाट

अल्लाहतालाले मानवलाई अलग्गै किसिमको शक्ति प्रदान गरेको छ। शक्ति तथा क्षमताकै कारणले मानब पृथ्वीमा सर्वश्रेष्ठ बन्न सफल भएको छ। प्रकृतिले बनाउन सक्ने सबै चिज वस्तुहरु अब मानवले बनाउन सक्छ भन्ने भनाईहरु आईरहेका छन। मानवले कहिल्यै पनि अल्लाहलाई अर्थात अल्लाहको शक्तिलाई कहिल्यै पनि जित्न सक्दैन। अल्लाहले नै मानवलाई बनाएका हुन्। अल्लाहले मानवलाई अपार शक्ति प्रदान गरेका छन्। अल्लाहले मानवलाई विवेकशिल बनाएको छ। मानवलाई दिमाग दिएको छ। यसै दिमागको प्रयोगले नै मानवले आज अकल्पनिय विकास गर्न सफल भएको छ।

मानवमा भएको दिमाग पनि अस्थिर हुन्छ। मानवको दिमागमा सबै विषय, सबै कुरा सधै अट्न सक्दैन। मानवको दिमागबाट केही समयको अन्तरमा कतिपय विषय वस्तुहरु गायब हुन्छन्, हराउँछन् र त्यो विषय समाजबाट नै विस्थापित हुन्छ। मानवसँग विवेक छ, उ सँग ज्ञान छ, त्यही ज्ञानलाई लिखतको रुपमा राख्ने गर्दछ। मानवले जुनसुकै विषयलाई लिखतमा राखी हजारौ वर्षसम्म सुरक्षित राख्न सक्छ। यही विषयवस्तुसँग सम्वन्धित आज नेपालका मुस्लिम समुदायको हज यात्राको इतिहास कस्तो रहेको छ ? कहिलेबाट नेपालीहाजीहरु हज गर्न गएका छन् ? नेपाल हज समितिको इतिहास कस्तो छ ? आदि कुराको तथ्यगत खोजमुलक कार्य भएको छैन। भावी पुस्तालाई नेपालको हजयात्राको बारेमा जानकारी होस सम्भव भएसम्मका सूचना एवं जानकारीहरु एकिकृत गर्न सकियोस भन्ने उदेश्यले यो पुस्तक प्रकाशन गर्ने जमर्को गरिएको छ।

नेपालको हजयात्राको लामो इतिहासबाट हाम्रा पूर्वजहरु जानकारीको लागि वन्चित भए र हामी पनि धेरै विषयमा वन्चित भयौं। हामीले अहिले पनि नेपालको हजयात्रालाई लिखित दस्तावेजमा नराख्ने हो भने भावी पुस्ताले हजयात्राका बारेमा र हज समितिका बारेमा जानकारी पाउन सक्ने अवस्था रहदैन। प्रस्तुत पुस्तकले पुर्णरुपमा हजको लागि आवश्यक सबै विषयबस्तुहरु यहाँ समेटन सकेको छैन। बजारमा हज गाईडका पुस्तकहरु प्रसस्त पाईने तर नेपाली हाजीहरु र नेपाल हज समिति संग सम्बन्धित विषय बस्तुहरु पाईंदैनन्। तर पनि पाठक तथा हजयात्रीहरुको लागि थोरै भए पनि जानकारी होस भनी खास खास बिषय बस्तुहरु प्रस्तुत पुस्तकमा समावेश गरिएको छ।

## विषयसूची


अध्याय १

नेपालको संक्षिप्त परिचय ११
नेपालका मुस्लिम समुदायको अवस्था १२
मुस्लिम समुदाय र ईस्लाम धर्म १३

अध्याय २

हज समितिको इतिहास १४
नेपालका हज समितिहरु १५
हज समितिको गठन सम्बन्धी व्यवस्था १६
नेपाल हज समितिको काम,कर्तब्य र अधिकार १६
नेपाल हज समितिको कार्य प्रगती १७
हाजीहरुको सम्मान कार्यक्रमको आयोजना १८
१. काठमाडौ १९
२. पोखरा २१
३. नेपालगञ्ज २२
४. कपिलवस्तु २३
५. बारा २४
६. बुटबल २४
७. सुनसरी २६
हज कोटा वृद्धिका लागि भएका प्रयासहरु २६
इफतार कार्यक्रमको आयोजना २८
हज समिति र हाजीहरु बीचको अन्तर्सम्बन्ध २९
सन् २०१५ का हाजीहरुको प्रतिकृया २९
हज प्रतिनिधिमण्डल ३०
हज प्रतिनिधिमण्डल (सन् २०१५) ३२

अध्याय ३


| | |
|---|---|
| इस्लाममा हज | ३७ |
| हजको इतिहास | ४१ |
| हजका प्रकार | ४४ |
| हजयात्रीहरुले जान्नै पर्ने कुराहरु | ४४ |
| एहराम | ४८ |
| एहरामको नियत | ४९ |
| तल्बिया | ४९ |
| एहरामको अवस्थामा गर्न नहुने कार्यहरु | ५० |
| हजको फर्ज अर्थात अनिवार्य कार्य | ५० |
| हजका अनिवार्यता (वाजिव) हरु | ५० |
| हरम शरिफको सिमा | ५१ |
| मक्का देखिदाको दुआ | ५१ |
| खानेकावा नजर हुदा पढिने दुआ | ५२ |
| हजका ५ दिनहरु | ५२ |
| ८ जिल्हिज्जा अर्थात पहिलो दिन | ५२ |
| ९ जिल्हिज्जा अर्थात दोस्रो दिन | ५२ |
| १० जिल्हिज्जा अर्थात तेस्रो दिन | ५३ |
| ११ जिल्हिज्जा अर्थात चौथो दिन | ५३ |
| १२ जिल्हिज्जा अर्थात पाचौ दिन | ५३ |
| मक्काका जियारत स्थलहरु | ५४ |
| मदिना मनोव्वर | ५४ |
| तस्विरमा हज समितिका गतिविधिहरु | ५५ |


# अध्याय-१

## नेपालको संक्षिप्त परिचय

हाम्रो मुलुक नेपाल चिन र भारतको बिचमा पर्दछ। यसको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि.रहेको छ। पूर्व देखि पश्चिमको औसत लम्बाई ८८५ कि.मि. रहेको छ भने उत्तर दक्षिणको चौडाई बढिमा २४१ र घटिमा १४५ कि.मि.रहेको छ। कुल क्षेत्रफलको १५ प्रतिशत हिमाल, ६८ प्रतिशत पहाड र १७ प्रतिशत तराई क्षेत्रले ओगटेको छ। २०६८ को जनगणना अनुसार कुलजनसंख्या २,६४,९४,५०४ रहेको छ भने सो को १,३३,१८,७०५ अर्थात ५०.२६ प्रतिशत तराईमा, पहाडमा १,१३,९४,००७ र हिमालमा १७,८१,७९२ मानिसहरु बसोबास गर्दछन।

नेपालको कुल जनसंख्या २,६४,९४,५०४ मध्ये महिला ५१.५० प्रतिशत अर्थात १,३६,४५,४६३ रहेको छ भने पुरुष ४८.५० प्रतिशत अर्थात १,२८,४९,०४१ रहेको छ। जस अनुसार लैङ्गिक अनुपात अर्थात प्रति १०० महिलामा पुरुषको ९४.१६ रहेको छ। २०५८ सालको राष्ट्रिय जनगणनामा कुल जनसंख्या २,३१,५१,४२३ रहेकोमा महिलाको जनसंख्या १,१५,८७,५०२ र पुरुषको जनसख्या १,१५,६३,९२१ रहेको थियो भने लैङ्गिक अनुपात ९९.८० थियो। यसरी प्रत्येक वर्ष नेपालमा पुरुषको भन्दा महिलाको जनसंख्या बढ्दै गईरहेको देखिन्छ। हाम्रा छिमेकी मुलुकहरु भारत र चीन विकासमा निकै अगाडि बढिरहेका छन्। संसारको शक्तिशाली तथा विकासित मुलुकको रुपमा चीन दोस्रो स्थानमा रहेको छ भने दोस्रोबाट पहिलो कसरी हुने भनेर आफ्नो सम्पूर्ण शक्ति विकासमा केन्द्रित गरेको छ। दक्षिणतर्फको हाम्रो छिमेकी मुलुक भारत पनि विकासको गतिमा निकै अग्रसर भई संसारमा नया शक्तिको रुपमा उदयमान भइरहेको छ। यी हाम्रा छिमेकी मुलुकहरु जो अहिले समग्र विकासमा तीव्र गतिमा अघि बढिरहेका छन तर हाम्रो मुलुक नेपालको विकास जुन गतीमा हुनुपर्ने हो, सो भइरहेको छैन।

समयको परिवर्तन अनुसार संसारले विकासमा गति लिई रहेको छ। त्यसमा पनि नेपालले केही हदसम्म त विकास नगरेको होइन तर अन्य मुलुकको तुलनामा जसरी विकासको गति लिनुपर्ने हो, त्यसरी लिन सकिरहेको छैन, जसले गर्दा हिजोका पुस्ताले विकासको स्वाद चाख्न पाएनन् भने आजको हाम्रो पुस्ता विकासको अवसरबाट सन्तोष हुन सकिरहेका छैनौं। विकासका लागि हुनुपर्ने सम्पुर्ण आवश्यक चिज वस्तुहरु हाम्रो मुलुकमा नभएको होइन। संसारमै जलस्रोतमा हामी दोस्रो स्थानमा छौ, सर्वोच्च शिखर सगरमाथा हामीसँग छ। गौतम बुद्धको जन्मस्थल नेपालकै लुम्बिनीमा रहेको छ। हिमाल, पहाड र तराई मधेश रहेको विविध भौगोलिक, विविध धर्म सँस्कृती, जाताजाती रहेको मनोरम मुलुक नेपाल र यहाँका सरल, मिहिनेती, नेपाली जनताहरु विकासको लागि सबै उपयुक्तनै रहेको छ तर पनि हामीले चाहे जस्तो, खोजे जस्तो विकास हुन सकिरहेको छैन।

## नेपालका मुस्लिम समुदायको अवस्था :

२०६८ सालको राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्याको ४.४ प्रतिशत अर्थात ११,६४,२५५ रहेको छ। २०५८ सालमा ४.२७ प्रतिशत अर्थात ९७,१०,५६६ रहेको थियो। यो १० वर्षको अवधीमा मुस्लिमहरुको जनसंख्या १,९३,१९९ थप भएको देखाएको छ। मुस्लिम समुदायको कुल जनसंख्यामध्ये महिलाको संख्या ५,७९,५०१ रहेको छ भने पुरुषको संख्या ५,८४,७५४ रहेको देखिन्छ। पुरुष भन्दा महिलाको संख्या ५,२५३ कम रहेको छ। नेपालको ७५ वटै जिल्लामा बसोबास रहेको मुस्लिम समुदाय तराई मधेशमा ११,०७,४५२ रहेको छ भने पहाडमा ५६,३३९ तथा हिमालमा ४६४ जनाको बसोबास रहेको तथ्यांकले देखाएको छ।

नेपालको कुल साक्षरता दर ६५.९ प्रतिशत छ भने मुस्लिम समुदायको साक्षरता प्रतिशत ४० रहेको छ। त्यसैगरी ४१ प्रतिशत मुस्लिमहरु भुमिहीन रहेका छन्।



राज्यका ३ वटा निकायमध्ये व्यवस्थापिकामा मुस्लिम समुदायको पहुँच राम्रो रहेको छ। अहिलेको वर्तमान अवस्थामा व्यवस्थापिका संसदमा १९ जना मुस्लिम सांसदहरु रहनुभएको छ भने न्यायपालिकामा पुनरावेदन तहमा ३ र जिल्ला तहमा १ जना न्यायधिशको सहभागिता रहेको छ। कार्यपालिकामा अधिकृत स्तरमा ८/९ जना रहेका छन्।
(श्रोत : व्यवस्थापिका संसद सविचवालय, न्यायपरिषद समेत)

## मुस्लिम समुदाय र इस्लाम धर्म :

मुस्लिम समुदायले मान्ने धर्म इस्लाम हो। इस्लाम धर्म मान्नेको संख्या संसारमा दोस्रो स्थानमा रहेको छ। अरबी भाषामा इस्लाम शब्दको अर्थ आदेश मान्नु वा आत्मसमपर्ण गर्नु वा आज्ञा पालन गर्नु हो। ईश्वरीय आदेशहरु मान्ने वा मानिने तथा उनको आज्ञा पालना गर्ने वा गरिने हुनाले यो धर्मको नाम इस्लाम भएको हो।

यो संसार अल्लाहको हो। उनीनै यो सारा ब्रम्हाण्डका मालिक हुन। मानिसलाई अल्लाहतालाले नै बनाएका हुन्। मानवको लागि अल्लाहलेनै यो पृथ्वीको सृजना गरेका हुन्। साथै मानवको पूर्ण जीवन सफलताको लागि अल्लाहले निश्चित मार्ग देखाएका छन्। संसारका मानिसहरुको जीवन सफलताको लागि अल्लाहले आफ्ना दुतहरु पठाउने गरेका छन्। हालसम्म १,२४,०००(एक लाख चौबिस हजार) दुतहरु अर्थात पैगम्बरहरु यो संसारमा आईसकेका छन् भने तिनीहरुमध्ये हजरत मुहम्मद स. ईस्लाम धर्मका अर्थात अल्लाहका अन्तिम पैगम्बर हुन। अब यो संसारमा कुनै पनि ईश दुत अर्थात पैगम्बर आउने वाला छैनन्। अल्लाहतालाले मानव जीवनको मार्गदर्शनको लागि कुरआन पठाएका छन्। कुरआनको व्याख्या अल्लाहतालाका अन्तिम पैगम्बर हजरत मुहम्मद स. गर्नुभएको छ जसलाई हदिश भनिन्छ। कुरआन र हदिशको पूर्ण परिपालना गर्नु नै इस्लाम धर्म पालना गर्नु हो। इस्लाम धर्म पालना गर्ने समुदाय मुस्लिम हो।

## अध्याय - २

### हज समितिको इतिहास

नेपाल बहु-धार्मिक, बहु-सांस्कृतिक विशेषता भएको अतिरमणीय मुलुक हो । नेपाललाई विभिन्न धर्म, जात, जाती तथा समुदायको संगम स्थल हो भन्दा पनि फरक पर्दैन । नेपालीहरु जतिसुकै धर्म समुदायमा विभक्तः भएपनि उनीहरुबीच धार्मिक एकता, धार्मिक सहिष्णुता र आपसी मेलमिलाप कायमै रहेको छ ।

नेपालबाट नेपाली हाजीहरु हज गर्न कसरी मक्का मदिनामा जाने गर्नुहुन्थ्यो भन्ने विषयको अहिलेसम्म कुनै लिखित प्रमाण तथा कुनै पनि प्रकारका लिखित पुस्तकहरु छैनन् । जुन बेला नेपालमा राहदानीको प्रचलन थिएन, भए पनि आम नागरिकको पहुच थिएन, नेपाली हाजीहरु भारतको बम्बई सहर भएर पानी जहाज मार्फत हज गर्न जाने गरिएको थियो ।

नेपाली हाजीहरुलाई हज गर्ने व्यवस्था मिलाउन नेपाल सरकार बाटनै पहलका लागि नेपालका मुस्लिम नेताहरु, सामाजिक कार्यकर्ता तथा अगुवाहरुले अहम भुमिका रहेको छ, जसमध्ये काठमाण्डौ क्षेत्रपाटीका मरहुम अहमदिन पनि एक हुनुहुथ्यो । वँहा समेतको प्रयासमा नेपाल सरकार अर्थात तत्कालिन श्री ५ को सरकारबाट पहिलो पटक २०२१ सालमा आधिकारीक रुपमा हज समिति गठन गरी त्यही समिति मार्फत नेपालका हाजीहरुलाई छिमेकी मुलुक भारतको बम्बईबाट पानी जहाज मार्फत र पछि हवाईजहाज मार्फत हज गर्ने पठाउने गरेको थियो । बागबजारका मोईन शाह जो त्यतिबेला मन्त्रालयका उच्च ओहदामा रहि हज समितिमा समेत सहभागी भएर हाजीहरुलाई हज गर्न पठाउने कार्यमा महत्वपूर्ण योगदान गर्नु भएको थियो ।

ईस्लाम धर्म अवलम्बन गर्ने मुस्लिम समुदायको हज स्थायी कार्य हो । यो निरन्तर चलिरहन्छ । त्यसैले पनि नेपालमा स्थायी हज समितिको आवश्यक छ । हज समितिका लागि ऐन तथा नियमावलीहरुको आवश्यक छ भन्ने कुरा समुदायले बारम्बार उठाउँदै आएकोमा नेपाल सरकारबाट २०६६ सालमा हज समितिको कार्यविधि मात्र तर्जुमा गरी सोही वर्षदेखि नै सो



कार्यविधिको व्यवहारिक कार्यान्वयन गरी लागु भएको र हाल आएर पुरानो कार्यविधि २०६६ लाई थप संशोधन गरी अली फराकिलो र केही थप विषय वस्तु समेटिएको नेपाल हज समितिको कार्यविधि, २०७२ कार्यान्वयनमा रहेको छ । २०६६ साल भन्दा पहिले १ वर्ष अर्थात १ अवधिको लागि मात्र हज समिति गठन हुने गर्दथ्यो । त्यो पनि हजको समय जब प्रारम्भ हुन लाग्थ्यो तब मात्र हज समिति गठन गर्ने गरिएको थियो । योग्य तथा सक्षम व्यक्तिहरुको अभाव, समयको अभाव, काम गर्ने अनुभवको अभाव आदि कारणले नेपाली हजयात्रीहरुले समस्या भोग्दै आएको कुरा जानकारीमा आएको छ ।

### नेपालका हज समितीहरु

नेपाल सरकारले कहिले देखि नेपालका हाजीहरुलाई साउदी अरबको मक्का मदिनामा हज गर्न पठाउने गरेको थियो भन्ने बारेमा मन्त्रालयमा हाल सम्म कुनै लिखित दस्तावेहरु नभएकोमा २०६६ सालमा कार्यविधि पारित भएपछि मात्र हज समितिको रेकर्ड रहने गरेको छ । हज समितिसँग सम्बन्धित व्यक्तिहरुसँग सम्पर्क गरेर जानकारीहरु लिने कार्य भएको छ । विधिवत रुपमा २०२१ साल देखि तत्कालिन सरकारले हज समिति गठन गरी सोही समिति मार्फत नेपाली हजयात्रीहरुलाई हज गर्न साउदी अरबको मक्का मदिनामा हज गर्न पठाउने गरेको थियो । प्राप्त जानकारी अनुसार देहाय बमोजिमका अध्यक्षहरुले हज समितिको अध्यक्षता गरी समितिका काम कारवाहिहरु सञ्चालन गरेका थिए ।

| क्र.स | अध्यक्षको नाम,थर र ठेगाना | कार्यकाल |
|---|---|---|
| १ | इजहारुल मिकरानी, रौतहट | २०६३ |
| २ | ताज मोहम्मद मिया, स्याङजा | २०६४ |
| ३ | मौलाना अब्दल जब्बार, बाँके | २०६५।०६६ |
| ४ | जाकिर हुसेन, अर्घाखाँची | २०६७।०६८ |
| ५ | अलि अकबर मिकरानी, रौतहट | २०६९।०७० |
| ६ | ताज मोहम्मद मिया, स्याङ्जा । | २०७२।२०७३ |

## हज समितिको गठन सम्बन्धी व्यवस्था :

नेपाली मुसलमानहरुको प्रमुख धार्मिक काम हज सम्बन्धी धार्मिक यात्रालाई व्यवस्थित तथा प्रभावकारी रुपले व्यवस्थापन र संचालन गर्नका लागि नेपाल सरकार, गृह मन्त्रालयले इस्लाम धर्मावलम्बी, समाजसेवी वुद्धिजीवी व्यक्तिहरु मध्येबाट एक जना अध्यक्ष तोकी ५ जना महिला सहित मुस्लिमहरुको बढी बसोबास भएका जिल्लाहरुबाट प्राथमिकतामा राखी र विभिन्न मस्जिदहरु र अन्य मुस्लिम संघसस्थाहरुको प्रतिनिधित्व हुने गरी बढीमा २५ जना सदस्यहरुका साथै परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, कानून न्याय तथा संसदिय मामिला मन्त्रालय, सस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयका उपसचिव (रा.प.द्धि श्रेणी) को १।१ जना अधिकृत प्रतिनिधि सहित गृह मन्त्रालयले तोकेको उपसचिव (रा.प.द्धि श्रेणी) का अधिकृत सदस्य सचिव रहने गरी समितिको गठन हुने व्यवस्था नेपाल हज समिति कार्यविधि, २०७२ ले निर्दिष्ट गरेको छ ।

## हज समितिको काम, कर्तव्य र अधिकार

नेपाल हज समितिको कार्यविधि, २०७२ को दफा ६ बमोजिम हज समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छन् :-

(क) हज र उमरा सम्बन्धमा सूचनाहरु संकलन गर्ने, आवश्यक नीतिनियम र कार्य योजनाहरु बनाउने तथा त्यसको कार्यान्वयन गर्ने ।

(ख) हज र उमरायात्रुहरुको कोटा निर्धारण र यात्रु व्यवस्थापन सम्बन्धमा साउदी अरबको सरकारसँग प्रत्येक वर्ष गर्नुपर्ने हज सम्बन्धी सम्झौता सम्पन्न गर्न आवश्यक कार्यहरु गर्ने गराउने ।

(ग) हज र उमरा यात्राको लागि सुचना आह्वान गर्ने, हज यात्रामा लाग्ने कूल खर्च यकीन गर्ने र यसको प्रचार प्रसार राष्ट्रिय स्तरमा गरेर दर्खास्त फारम र लाग्ने रकम जिल्ला प्रशासन कार्यालयहरु मार्फत संकलन गर्ने ।

(घ) प्राप्त कोटाको आधारमा हजयात्रुहरुको छनौट गर्ने ।

(ङ) हजयात्रीहरुको प्रवेशाज्ञा एवं साउदी अरबको मक्का मदीनामा आवासको व्यवस्था मिलाउन आवश्यक सहयोग गर्ने ।



(च) हजयात्रीहरुको लागि हवाई टिकटको बन्दोवस्त गर्ने ।

(छ) समितिको निमित्त वार्षिक बजेट तथा कार्यक्रम तयार गरी मन्त्रालयमा स्वीकृतिको निमित्त पठाउने ।

(ज) हजयात्रीहरुको टोलीमा चिकित्सक सहितको टोली समावेश गर्ने ।

(झ) हजयात्रीहरुको रेखदेख र व्यवस्थापनको लागि हज प्रतिनिधिमण्डल पठाउने ।

(ञ) हज र उमरायात्रीहरुको हज वा उमरा यात्रा सहज बनाउन आवश्यक अभिमुखीकरण गोष्ठी, तालिम आदि संचालन गर्ने । हज र उमरा यात्रीहरुको जानकारी मुलक पुस्तिका, पम्पलेट, ब्रोसर आदि प्रकाशित गर्ने ।

(ट) प्रस्थानको समयमा हजयात्रुहरुको स्वास्थ्य जाँच,खोप र विदेशी मुद्रा सटही सम्बन्धमा आवश्यक सहयोग र समन्वय गर्ने ।

(ठ) हज र उमरा गृह निमार्णको लागि आवश्यक साधन श्रोत जुटाई आवश्यक कार्य अघि बढाउने ।

(ड) हज र उमरायात्री, समितिका सदस्यहरु र हज प्रतिनिधीमण्डलका सदस्यहरुको लागि आचारसंहिता तयार गरी लागू गर्ने ।

(ढ) हज र उमरा सम्बन्धि कामलाई व्यवस्थित बनाउन आवश्यक अन्य काम गर्ने ।

## नेपाल हज समितिको कार्य प्रगति

नेपालबाट हज गर्न जाने हजयात्रीहरुको संख्या दिनप्रतिदिन बढिरहेको छ । मुस्लिम समुदायको संख्यामा वृद्धि, इस्लामी शिक्षाको वृद्धि, इस्लाम प्रति लगाव, नेपालको अर्थतन्त्रका साथै मुस्लिम समुदायको आर्थिक अवस्था सबल हुदैं आएकोले पनि नेपालबाट वर्षेनी हज गर्ने जाने व्यक्तिहरुको संख्या बढिरहेको छ । अहिले सम्म नेपालका हजारौं हजयात्रीहरुले हज सम्पन्न गरेका छन् भने ति हजयात्रीहरुको हज व्यवस्थापनका लागि हज समितिहरु बनेका थिए । सबै हज समितिहरुले आफ्नो कार्य सम्पन्न गरेका छन् ।

सबै हज समितिले आफूले निकै राम्रो काम गरेको दाबी गर्दै आएका छन भने हजयात्रीहरुले पनि हज समितिबाट जस्तो सेवा सुविधा, सहयोग हुनु पर्ने हो सो हुन सकेको थिएन भन्ने गुनासाहरु समाचारका रुपमा आउने गरेका थिए । मानवको स्वभाव अनुसार जति सेवा गरे पनि जति सेवा लिए पनि सन्तोष जनाउने प्रवृत्ति हामीमा छैन । हज समितिले हाजीहरुलाई जतिसक्दो धेरै भन्दा धेरै सेवा सुविधा तथा सहयोग गर्नु पर्दछ ।

वि.स. २०७२ सालमा नेपाल हज समितिले १,०२१ हजयात्रीहरुलाई हज कार्य सम्पन्न गराईसकेको छ । हजयात्रीहरुबाट हज गर्न कठिन भयो, दुःख भयो भन्ने गुनासो आएको छैन । हाजीहरुलाई हज कार्य सम्पन्न गरिसकेपछि सोधपुछ, खोजखबर केही हुदैन थियो तर यस पटक उनीहरुले आफ्नो हज कार्य सम्पन्न गरिसकेपछि सम्मान गरिएको छ । हाजीहरुको लागि विभिन्न स्थानमा सम्मान कार्यक्रमहरु भए र ति सम्मान कार्यक्रमहरुमा अत्यधिक संख्यामा हाजी तथा हज्जीनहरुको सहभागिता भयो । सम्मान कार्यक्रममा हाजीहरु निकै खुशी थिए र सबैले २०७२ सालको नेपाल हज समितिका अध्यक्ष ताज मोहम्मद मियाको प्रशंसा गरेका थिए । नेपाल हज समितिले निकै राम्रो काम गरेको, पर्याप्त सेवा सुविधाहरु दिएकोले आगामी दिनहरुमा पनि सबै हाजीहरुले यस्तै सेवा सुविधा पाउन, नेपाल हज समितिले यस्तै कार्य गरोस् भनी कामना गरिरहेको पाइयो ।

## हाजीहरुको सम्मान कार्यक्रमको आयोजना : संक्षिप्त जानकारी

इस्लाम धर्मको ५ वटा प्रमुख आधार मध्ये हज पनि एक हो । हज पाँचौ आधार स्तम्भ हो । प्रत्येक सक्षम अर्थात शारिरीक रुपबाट र आर्थिक रुपबाट सक्षम प्रत्येक मुस्लिम समुदायलाई हज अनिवार्य गरिएको छ । सोही अनुरुप नेपालबाट अहिले सम्म सयौ हाजी तथा हज्जीनहरुले हज कार्य सम्पन्न गरि सकेका छन् । दर्जनौ हज समितिले हाजीहरुको लागि हजको व्यवस्थापन गरेर हज गर्ने कार्यमा सहयोग गर्नु भएको छ । नेपाली हाजीहरु र नेपाल हज समितिहरु बिच अनेकौ उकाली ओरालीहरु, राम्रा नराम्रा अनुभवहरु रहेका छन । हज समितिहरुले परम्परालाई धान्ने कार्य गरे भने कतिपयले सृजनात्मक रुपबाट नयाँ नयाँ कार्यको थालनी गरेको पाईयो ।



२०७१ सालमा गठित नेपाल हज समितिले आफ्नो कार्यकालमा नयाँ कार्यक्रम ल्याउने क्रममा हज कार्य सम्पन्न गरी स्वदेशमा आई सकेका २०७२ का नेपाली हाजीहरुलाई नेपाल हज समितिको तर्फबाट औपचारीक रुपमै सम्मान गर्ने कार्यक्रम तय गरियो । कार्यक्रमको दौरानमा हज गरिसकेका हजयात्रीहरुलाई सम्मान गर्ने नयाँ कार्यक्रमलाई सबैले प्रसंशा गरेका थिए । यसले नेपाल हज समितिलाई सधै राम्रोमात्र कार्य गर्न बाध्यता ल्याउनेछ । हज गरेर फर्केका हाजीहरुलाई जिल्ला जिल्लामा गइ सम्मान कार्यक्रमको दौरानमा हाजीहरुसँग जवाफदेहिताका कारण पनि समितिले राम्रो काम गर्न बाध्य हुने कुरामा विश्वस्त हुन सकिन्छ । मुस्लिम समुदाय र राज्यसँगको अपनत्वलाई अभिबृद्धिका लागि यस्ता कार्यलाई निरन्तरता दिन जरुरी देखिन्छ ।

नेपालमा आम नेपालीहरुको चाहाना बमोजिम ६५ बर्षको लामो संघर्ष पश्चात नेपालको संघिय, लोकतान्त्रिक, गणतान्त्रिक संबिधान आएको छ । मुस्लिम समुदायको हकमा बर्तमान नेपालको संबिधानमा के कस्ता हक अधिकारहरु रहेका छन, ति हक अधिकारहरु प्रयाप्त छन कि छैनन भन्ने बिषयको छलफलको लागि पनि सम्मान कार्यक्रमले सहयोग पुर्‍याएको छ । सबै क्षेत्रका आम मुस्लिम समुदायको भेला हुने र त्यस अवसरमा नेपाल सरकारका प्रतिनिधि तथा विभिन्न राजनितिक दलका नेतागणहरुको पनि सहभागिता हुने भएकोले मुस्लिम समुदायको हक अधिकार के कति प्राप्त भए, अझै के के प्राप्त हुन बाकी छन भन्ने बिषयमा पनि अर्न्तक्रियात्मक कार्यक्रमको भुमिका खेलेको छ, हाजीहरुको सम्मान कार्यक्रमले साथै यस सम्मान कार्यक्रमले मुस्लिम समुदायको जागरुकतालाई पनि निकै टेवा दिएको छ र परिणाम पनि सकारात्मकनै आएको महसुस गरिएको छ । नेपाल हज समितिबाट सबै हाजीहरुलाई निम्न स्थानहरुमा सम्मान गरिएको छ ।

### १) काठमाण्डौ

वि.सं.२०७२ सालमा काठमाण्डौ उपत्यकाबाट हज गर्न जानु भएका हाजी तथा हज्जीनहरुलाई नेपाल हज समितिको तर्फबाट पहिलो पटक सम्मान कार्यक्रम आयोजना गरियो । काठमाण्डौ उपत्यकाका हाजी तथा हज्जीनहरुलाई सम्माननीय प्रधानमन्त्री श्री के.पि.शर्मा ओलीज्यूको प्रमुख आतिथ्यमा २०७२

मंसिर १८ गते भृकुटि मण्डप स्थित नेपाल पर्यटन बोर्डको सभाहलमा सम्मान कार्यक्रमको आयोजना गरिएको थियो । उक्त सम्मान कार्यक्रममा माननीय गृहमन्त्री श्री शक्ति बहादुर बस्नेतज्यू, विशेष अतिथिको रुपमा सहभागी हुनु भएको थियो भने माननीय सांसदहरु जुनेद अन्सारी, साविया प्रविण, अनारकली मिया, नजमा खातुन, भोला सिद्धिकी लगायतका सभासदहरु, गृह सचिव श्री नारायण गोपाल मलेगोज्यू र नेपाल मुस्लिम ईत्तेहाद संगठनका उपाध्यक्ष महमदिन अली लगायत अन्य विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको समेत सहभागिता रहेको थियो ।

नेपालबाट १०२१ जना मुस्लिम दाजुभाई तथा दिदी बहिनीहरुले यस वर्ष हज कार्य सम्पन्न गरेका र काठमाण्डौ उपत्यका सहित सबै हाजी तथा हज्जीनहरुलाई बधाई, सम्मान तथा वँहाहरुको हज सधै पवित्र रहोस भनी शुभकामना समेत दिनु भएको थियो । सम्मान कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूबाट यस पटक हजकार्य अति राम्रो भएको, सबै हजयात्रीहरुले नेपाल हज समितिबाट उल्लेखनीय सहियोग पाएको, नेपाली हाजीहरुले कुनै पनि किसिमको अप्ठयाराहरु भोग्नु नपरेको र सबै हजयात्रीहरु अति प्रसन्न भएकोले नेपाल हज समिति तथा समितिका अध्यक्षज्यूलाई धन्यवाद दिदै आगामी दिनहरुमा पनि यस्तै कार्य होस भनी अपेक्षा गर्नु भएका थियो । साथै नेपाल हज समितिले उठाएका मागहरु जायज छन् र ति मागहरुलाई पुरा गर्ने आश्वासन दिंदै हज समितिले हज हाउसको बारेमा पहल अगाडि बढाउन निर्देशन समेत दिनु भएको थियो । साथै नेपाल सरकारको तर्फबाट हुने सबै किसिमका सहयोगहरुका लागि आफु सदैव तत्पर रहेको कुरा पनि व्यक्त गर्दै सहभागि हुनु भएका हजयात्रीहरुलाई बधाइ तथा आगामी दिनको सफलताका लागि शुभकामना दिनु भएको थियो ।

माननीय गृहमन्त्री शक्तिबहादुर बस्नेतज्यूले पनि बर्तमान हज समितिले सह्रानिय कार्य गरेको, आगामी दिनहरुमा पनि यो भन्दा अझै राम्रो हुनु पर्ने सुझाव दिनु भई हाजीहरुको भलाईको लागि मन्त्रालय सहयोग गर्न तयार रहेको, नेपाल हज समिति संग सधैभरी साथमा रहीरहने उल्लेख गर्दै सहभागी



सबै हाजीहरुलाई बधाई तथा शुभकामना दिनु भएको थियो । सम्मान कार्यक्रममा सबै हाजी हज्जीनहरुलाई दोसल्ला ओढाई, माला लगाई प्रमाणपत्र वितरण गरिएको थियो । सम्मान कार्यक्रम नेपाल हज समितिका अध्यक्ष ताज महमम्द मियाको अध्यक्षतामा भएको थियो भने कार्यक्रम संचालन नेपाल हज समितिका सल्लाहकार माननीय जुनेद अन्सारीज्यूले गर्नु भएको थियो । त्यसै गरी नेपाल हज समितिका सदस्य सचिव श्री ज्ञानप्रसाद ढकालज्यूले कार्यक्रममा सहभागी हुनु भएकोमा सबैलाई धन्यबाद दिदै सम्पुर्ण हजयात्रीहरुलाई बधाई समेत दिनुभएको थियो ।

२) पोखरा

नेपालका सबै हाजी तथा हज्जीनहरुलाई सम्मान गर्दा हाजीहरुलाई सजिलो होस भनी विभिन्न क्षेत्रमा सम्मान कार्यक्रम राखिएको थियो । सोही अनुरुप कास्की, गोरखा, तनहुँ, पाल्पा, चितवन आदि जिल्लाका हाजी तथा हज्जीनहरुलाई कास्की जिल्लाको सुन्दर नगरी पोखराको मिया पाटनमा मिति २०७२ पौष ३० गतेका दिन सम्मान कार्यक्रम राखिएको थियो । पोखराको उक्त सम्मान कार्यक्रमका प्रमुख अतिथि माननीय गृहमन्त्री शक्ति बहादुर बस्नेत र विशिष्ट अतिथिमा व्यवस्थापिका संसद, विकास समितिका सभापति एवं कास्की क्षेत्र नं ३ .का सभासद रविन्द्र अधिकारी रहनु भएको थियो भने अतिथिमा प्रमुख जिल्ला अधिकारी, क्षेत्रीय तथा जिल्ला स्तरका सुरक्षा प्रमुखहरु, पुर्व सभासदहरु तथा स्थानीय संघ संस्थाहरुको अध्यक्ष तथा पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

सम्मान कार्यक्रममा प्रमुख अतिथिज्यूले नेपालमा सबै धर्म समुदाय मिलेर बसेका, सबैले एक धार्मिक समुदायले अर्को धार्मिक समुदायको सम्मान, नेपालीहरु बिच धार्मिक सहिष्णुता कायम रहेको, नेपालमा मुस्लिम समुदाय आदिवासीको रुपमा रहेको, नेपाली मुस्लिम समुदाय अत्यन्तै मिलनसार रहेका बताउनु भएको थियो । त्यस्तै सम्मान कार्यक्रमका बिशेष अतिथि रबिन्द अधिकारीज्यूले नेपालको राष्ट्रिय एकता र राष्ट्र निर्माणमा मुस्लिम समुदायको अत्यन्तै महत्वपुर्ण योगदान रहेको र यो पछि परेको समुदायलाई अब राज्यले

हरेक क्षेत्रमा अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो । सम्मान कार्यक्रम हज समितिका अध्यक्ष ताज मोहम्मद मियाको अध्यक्षतामा भएको थियो भने नेपाल हज समितिका सल्लाहकार महमदिन अलीले कार्यक्रम सञ्चालन गर्नु भएको थियो । नेपाल हज समितिका सदस्य सचिव ज्ञान प्रसाद ढकालज्यूले सम्मान कार्यक्रममा सहभागी सबैलाई धन्यबाद दिनु भएको थियो । सम्मान कार्यक्रम हाजी तथा हज्जीनहरुलाई दोसल्ला तथा माला र प्रमाणपत्र दिएर सम्मान गरिएको थियो । उक्त कार्यक्रममा विगतमा गएका हाजी तथा हज्जीनहरुलाई समेत सम्मान गरिएको थियो ।

३) नेपालगञ्ज

नेपालको पश्चिम क्षेत्रमा रहेको बाँके जिल्ला घना मुस्लिम आवादी भएको जिल्ला हो । नेपाल सरकार, विभिन्न संघ सस्थाहरुले कुनै पनि अवसरमा मुस्लिम समुदायलाई सम्झीदा बाँकेलाई बिर्सन सक्दैनन् । बाँके जिल्लाबाट प्रत्येक बर्ष उल्लेख्य संख्यामा हज गर्ने जाने प्रचलन रही आएको छ ।

बाँके, बर्दिया तथा त्यस क्षेत्रका हाजी हज्जीनहरुलाई यही २०७२ साल माघ १९ गते बाँकेको नेपालगञ्जमा सम्मान गरिएको थियो । सम्मान कार्यक्रममा प्रमुख अतिथि खानेपानी तथा सर सफाई राज्य मन्त्री दिनेशचन्द्र यादब र विशिष्ट अतिथि ने.क.पा. एमालेका केन्द्रिय सदस्य तथा नेपाल मुस्लिम ईत्तेहाद संगठनका का.वा.अध्यक्ष सेराज अहमद फारुकी र अतिथिहरुमा माननीय सांसद साविया प्रविन, माननीय सांसद अनारकली मिया, माननीय सांसद अब्दुल हमिद सिद्धिकी, माननीय सांसद सर्वतारा, मुस्लिम मुक्ति मोर्चाका सह-संयोजक अतहर हुसेन फारुकी लगायत अन्य विभिन्न संघ संस्थाका मुस्लिम प्रतिनिधी तथा राजनितिक दलका प्रतिनिधीहरुले समेत सम्मान कार्यक्रमलाई सम्बोधन गर्नुभएको थियो । कार्यक्रम नेपाल हज समितिका अध्यक्ष ताज महमद मियाको अध्यक्षतामा भएको थियो भने सञ्चालन नेपाल मुस्लिम ईत्तेहाद संगठनका उपाध्यक्ष मोहम्माद हारुनले गर्नु भएको थियो ।

प्रमुख अतिथि, बिशिष्ट अतिथि तथा अन्य अतिथिहरु र वक्ताहरुबाट अहिलेको नेपाल हज समितिले निकै राम्रो कार्य गरेको, कुनै पनि हाजी तथा हज्जीनहरुबाट गुनासो नआएको, सबै हजयात्रीहरु अतिनै खुशी भएकाले



आगामी दिनहरुमा पनि नेपाल हज समितिले यस्तै कार्य गरोस भन्ने अपेक्षा राखेका थिए । वर्तमान हज समितिलाई अझ बढि अधिकार सम्पन्न बनाउनका लागि नेपाल सरकार समक्ष माग समेत गरिएको थियो । सधैभरी हज समिति र हजयात्रीहरु एक आपसमा लुकामारी खेल्ने गरेको अवस्थामा यसरी एउटै स्थानमा आई सम्मान गरिनु, हज समितिको कार्यको खुलेर समिक्षा गरिनु आदि कार्यले वर्तमान हज समितिले निकै उचाई प्राप्त गरेको र आगामी दिनका समितिहरुलाई पनि यस्तै कार्य गर्न बाटो देखाएको विचार सबैबाट व्यक्त भयो । यस वर्ष बाँके, बर्दिया सहित यस क्षेत्रबाट हज गरी फर्केका हाजी तथा हज्जीनहरुलाई सम्मान कार्यक्रममा सबै हाजी हज्जीनहरुलाई दोसल्ला ओढाई, माला लगाई प्रमाणपत्र दिई सम्मानित गरिएको थियो ।

४) कपिलवस्तु

कपिलवस्तु जिल्ला नेपालकै सबैभन्दा धेरै मुस्लिम आवादी भएको जिल्ला हो । विगत केही वर्षदेखि साउदी अरबको मक्का मदिनामा हज गर्ने नेपाली मुस्लिम समुदायमा सबैभन्दा धेरै यसै कपिलवस्तु जिल्लाबाट जाने गरेका छन । यस पटक पनि कपिलवस्तुका नै धेरै हाजीहरु रहेका थिए । कपिलवस्तुका मुस्लिम समुदाय आर्थिक क्षेत्रमा निकै अगाडि छन् । यस कारणले पनि कपिलवस्तुबाट सधै धेरै हाजीहरु रहने गर्दछन् । नेपालका मुस्लिम समुदायको खम्बाको रुपमा पनि कपिलवस्तुलाई मानिन्छ । सबै भन्दा पुराना र ठुला मदरसाहरु पनि यसै जिल्लामा रहेका छन । कपिलवस्तुका धेरै हाजीहरु पनि भएकाले यस जिल्लाका हाजी तथा हज्जीनहरुको लागि मात्र एक दिनको सम्मान कार्यक्रम कपिलवस्तुको कृष्णनगरमा मिति २०७३ चैत्र २४ गतेको दिन राखिएको थियो ।

कपिलवस्तुको कृष्णनगरमा आयोजित सम्मान कार्यक्रमको अध्यक्षता नेपाल हज समितिका अध्यक्ष ताज महमद मियाले गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन सागीर खानले गर्नु भएको थियो । स्वागत भाषण हज समितिका सल्लाहाकार श्री महमदिन अलीले गर्नु भएको थियो भने कार्यक्रमका प्रमुख अतिथि श्रम तथा रोजगार मन्त्री दीपक कुमार बोहरा, विशिष्ट अतिथि शान्ति तथा पुनर्निमाण राज्य मन्त्री दिप नारायण साह र कार्यक्रममा विशिष्ट अतिथिको रुपमा कपिलवस्तु क्षेत्र नं १ का माननीय सांसद बलराम अधिकारी रहनुभएको थियो ।

त्यस्तै अर्का विशिष्ट अतिथिको रुपमा नेकपा एमालेका केन्द्रिय सदस्य तथा पुर्व सभासद नजीर मिया रहनु भएको थियो । अतिथिहरुमा जिल्ला प्रशासन कार्यालय कपिलबस्तुका प्रमुख जिल्ला अधिकारी इन्दु घिमिरे, जि.प्र.का.क.का प्रमुख लगाएत अन्य विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थिथो ।

सहभागी वक्ताहरुले अहिलेको नेपाल हज समितिले निकै राम्रो कार्य गरेको, हज कार्य सम्पन्न गरी फर्किसकेका हाजीहरुलाई सम्मान गरेको, अहिलेका हाजीहरुलाई नेपाल सरकारबाट सन्तोष जनक सेवा सुविधा उपलब्ध गराएको, साउदीको मक्का तथा मदिनामा उचित वासस्थान तथा अन्य सेवा सुविधाको व्यवस्था गरेको, हाजी तथा हज्जीनहरुलाई पूर्ण खुशी बनाएकोले हाजीहरुलाई भन्दा नेपाल हज समितिलाई सम्मान गर्नु पर्ने धारणा राखेका थिए । आगामी दिनहरुमा पनि यस्तै सहयोगको आशा एवं अपेक्षा गरिएको थियो । यस वर्ष २०७२ सालमा कपिलवस्तु जिल्लाबाट हज गर्न जानु भएका सबै हाजी तथा हज्जीनहरुलाई सम्मान गरिएको थियो । सम्मान कार्यक्रममा सबै हाजी हज्जीनहरुलाई दोसल्ला ओढाई, माला लगाई प्रमाणपत्र दिईएको थियो ।

५) बारा

बारा जिल्ला मुस्लिम घना आवादी भएको जिल्ला भए पनि यस क्षेत्रबाट न्युन संख्यामा हज गर्न जाने गरेको पाईन्छ । बारा जिल्लाको सदरमुकाम कलैयामा मिति २०७३ बैशाख २२ गते सम्मान कार्यक्रमको आयोजना गरिएको थियो । उक्तः सम्मान कार्यक्रमका प्रमख अतिथि नेपाल हज समितिका अध्यक्ष ताज महम्मद मिया, विशिष्ठ अतिथि माननीय सांसद जुनेद अन्सारी र आयोजकमा राज महमद राईन रहनुभएको थियो । सम्मान कार्यक्रममा बारा जिल्लाका सबैहाजी तथा हज्जीनहरुलाईदोसल्ला ओढाई, माला लगाई प्रमाणपत्र दिई सम्मान गरिएको थियो ।

६) बुटबल

नेपाल हज समितिले रुपन्देही, अर्घाखाँची र नवलपरासीका हाजी तथा हज्जीनहरुलाई यहि २०७३ साल जेष्ठ १७ गतेका दिन रुपन्देही जिल्लाको औधोगिक क्षेत्र बुटवल नगरपालिकामा सम्मान गरेको थियो । सम्मान कार्यक्रममा प्रमुख अतिथि सुचना तथा सञ्चार मन्त्री शेरधन राई र विशिष्ट अतिथि पूर्व



सभाषद तथा नेकपा एमालेका केन्दिय सदस्य एवं नेपाल मुस्लिम ईत्तेहान संगठनका संस्थापक अध्यक्ष नजीर मिया र अतिथिमा सभासद तथा नेपाल मुस्लिम ईत्तेहाद संगठनका महासचिव जुनेद अन्सारी तथा नेपाल मुस्लिम ईत्तेहाद संगठनका केन्दिय उपाध्यक्ष अधिवक्ता महमदिन अली, कपिलवस्तु जिल्लाका ईत्तेहाद संगठनका इन्चार्ज सफर अली लगायतका अन्य अतिथिहरुको सहभागिता रहेको थियो । कार्यक्रमको अध्यक्षता नेपाल हज समितिका अध्यक्ष ताज महमद मियाले गर्नु भएको थियो भने सञ्चालन नेपाल हज समितिका सदस्य जलिल मियाले गर्नु भएको थियो । स्वागत भाषण अहमदिन अली ( गोरे) ज्यूले गर्नु भएको थियो । कार्यक्रमका सहभागीहरुलाई नेपाल मुस्लिम ईत्तेहादका अञ्चल संयोजक मनिम मियाले धन्यवाद दिनु भएको थियो । हज कार्य सम्पन्न गरी आउनु भएका हाजी तथा हज्जीनहरुलाई सम्मान गर्न पाउँदा आफुलाई खुशी लागेको,नेपालमा सबै जाताजाती धर्म समुदायहरु मिलेर बसेका, मुस्लिम समुदाय सधैंभरी राष्ट्यिताको पक्षमा उभिरहेका र अहिलेको संविधानले पनि मुस्लिम समुदायलाई विशेष ध्यान दिई सन्तोष जनक हक अधिकार दिएको भन्ने कुरा प्रमख अतिथि माननीय सुचना तथा सन्चार मन्त्री शेरधन राई ज्यूले व्यक्त गर्नु भयो ।

सम्मान कार्यक्रमका विशिष्ट अतिथि नजीर मियाले संसारका हाजीहरुभन्दा नेपाली हाजीहरुलाई सेवा तथा सुविधा भएको, अन्य मुलुकका हाजीहरुभन्दा नेपालका हाजी तथा हज्जीनहरु निकै सस्तोमा हज गर्न गएका, यसपाली नेपाली हाजीहरुले निकै सेवा तथा सुविधा प्राप्त गरेकाले सम्पुर्ण नेपाली हाजीहरु खुशी भएको बताउनु भयो ।कार्यक्रमका सहभागी माननीय सांसद जुनेद अन्सारीले मुस्लिम समुदाय नेपालको हरेक क्षेत्रमा छरिएर रहेका भएपनि पहिले मधेशी कोटा मात्र रहेकोमा अहिले मुस्लिम समुदायलाई मधेशीमा नराखी मुस्लिम समुदायको रुपमा राखेकोमा खुशी व्यक्त गर्नु भएको थियो । कार्यक्रममा सहभागी अधिवक्ता महमदिन अलीले वर्तमान कार्य समितिले ऐतिहासिक कार्यहरु गरेको, हज कार्यविधिलाई व्यापकता दिएको, हज हाउस निर्माणको लागि जग्गा खोज्ने प्रकृया रहेको आदिबारे उल्लेख गर्नु भएको थियो । सम्मान कार्यक्रममा सबै हाजी हज्जीनहरुलाई दोसल्ला ओढाई, माला लगाई प्रमाणपत्र वितरण गरिएको थियो ।

७) सुनसरी

नेपाल हज समितिले सुनसरी, झापा, तथा सप्तरीका हाजी तथा हज्जीनहरुलाई यहि २०७३ साल जेष्ठ १९ गतेका दिन सुनसरी जिल्लाको सदरमुकाम इनरुवा(७ मा सम्मान कार्यक्रम आयोजना गरिएको थियो। सम्मान कार्यक्रममा प्रमुख अतिथि शान्ति तथा पुनर्निमाण राज्यमन्त्री दीप नारायण साह र विशिष्ट अतिथि नेकपा एमालेका केन्द्रिय सदस्य महफुज अन्सारी र अतिथिमा नेकपा एमालेका बैकल्पीक केन्द्रिय सदस्य तैयब हुसेन तथा अन्य विभिन्न मुस्लिम संघ संस्थाहरुको सहभागिता रहेको थियो। कार्यक्रमका अध्यक्षता नेपाल हज समितिका अध्यक्ष ताज महमद मियाले गर्नु भएको थियो। हज कार्य सम्पन्न गरी आउनु भएका हाजी तथा हज्जीनहरुलाई सम्मान गर्न पाउँदा आफुलाई खुशी लागेको, नेपालमा सबै जातजाती धर्म समुदायहरु मिलेर बसेका, मुस्लिम समुदाय सधैभरी राष्ट्रियताको पक्षमा उभिरहेका र अहिलेको संविधानले पनि मुस्लिम समुदायलाई विशेष ध्यान दिई सन्तोषजनक हक अधिकार दिएको भन्ने कुरा प्रमुख अतिथिज्यूले व्यक्त गर्नुभयो। सम्मान कार्यक्रममा सबै हाजी हज्जीनहरुलाई दोसल्ला ओढाई, माला लगाई प्रमाणपत्र वितरण गरिएको थियो।

## हज कोटा वृद्धिका लागि भएका प्रयासहरु

मुस्लिम समुदाय संसारभरि छरिएर बसेका छन्। करिब २०० मुलुकहरु मध्ये ५० भन्दा बढि राष्ट्रहरु मुस्लिम राष्ट्रको रुपमा रहेका छन। जनसंख्याको हिसाबले हेर्दा संसारमा मुस्लिम दोस्रो स्थानमा रहेको छ। संसारभरीका मुस्लिम समुदायहरु एउटै अल्लाह, एउटै कुरान, एउटै नबी (स) लाई मान्ने गर्दछन्। त्यसैले पनि हज संसारभरिका सक्षम मुस्लिम समुदायको लागि अनिवार्य गरिएको छ। आफ्नो धर्म प्रतिको आस्था अनुसार एउटै समयमा संसार भरीका मुस्लिमहरु साउदी अरबको मक्का मदिनामा हज गर्ने भेला हुने गर्दछन।

हज गर्ने चाहनेहरुको संख्या धेरै हुने गर्दछ। धेरै भन्दा धेरैले हज कार्य सम्पन्न गर्नका लागि हजको आवेदन गरेका हुन्छन्। सबैलाई हज गर्नका लागि खुला गर्ने हो भने हजको उचित र सही व्यवस्थापन हुन सक्दैन।



स्थानको अभाव, खानपिनको अभाव, बासस्थानको अभाव, सुरक्षाको अभाव, धार्मिक स्थलमा प्रयाप्त स्थानको अभाव आदि समस्याको कारणले प्रत्येकवर्ष चाहे जतीका सबै हजयात्रीहरु हज गर्ने जान पाउदैनन। त्यसैले साउदी सरकारले उसको क्षमता अनुसार, मक्का, मुज्दल्फा, अराफात, मदिना आदि स्थानको क्षमता अनुसार निश्चित संख्या निर्धारण गरेको हुन्छ। तोकिएको संख्यालाई भाग लगाएर हरेक मुलुकलाई निश्चित कोटा निर्धारण गर्दछ। अन्य मुलुकहरुमा कोटा तथा संख्या निर्धारण धेरै पहिला देखि हुदै आएको छ। तर नेपालमा नेपाली हाजीहरुको लागि कोटा तथा संख्या निर्धारण गरेको थिएन। २०६८ साल देखि नेपाली हाजीहरुको लागि ८०० कोटा तथा संख्या निर्धारण गरेको थियो त्यो समयमा कोटा भन्दा कम नै नेपाली हजयात्रीहरु थिए भने २०७०/२०७१ मा १,००० कोटा थियो। अहिले यो पुस्तक लेख्दा सम्म नेपाली हजयात्रीहरुको लागि त्यही १००० (एक हजार) कोटा नै कायम रहेको छ।

२०७२ सालमा नेपालबाट साउदी अरबको मक्का मदिनामा हज गर्ने जानका लागि १,४५० जना हाजीहरुबाट फर्म भरी रकम जम्मा गर्ने काम भएका थियो। नेपाल हज समिति संग जम्मा १,००० कोटा मात्र थियो भने सो भन्दा धेरै हजयात्रीको फर्म प्राप्त भएको थियो। नेपाल हज समितिले सबै हाजीहरुलाई हज गर्ने वातावरण मिलाउने प्रयास गरेको थियो। गृह मन्त्रालय, साउदी अरबको हज मन्त्रालय, नेपालमा रहेको साउदी दुतावास र अन्य सरोकार सम्बन्धित सबैसँग कोटा बढाउने सम्बन्धमा कुराकानी, पत्राचार, भेटघाट आदि कार्य गरिएको थियो। नेपाली हाजीहरुको लागि कोटा अर्थात संख्या बढ्ने सम्भावना थियो। तर संख्या बढाएको र सोको जानकारी नेपाल हज समितिलाई ढिलो दिएकोले केही समस्याहरु आएको थियो। नेपाल हज समिति र नेपाल सरकारका अन्य सम्बद्ध निकायहरुले सबै हाजीहरुलाई हज गर्न लैजान नेपाल एयरलायन्सको जहाज चार्टड गर्ने सहमति भएकोमा छोटो समय र प्राविधिक समस्या दर्शाउदै उडान गर्न नसक्ने भनी अन्तिम अवस्थामा जानकारी प्राप्त हुन आएकोले बाँकी हजयात्रीहरुलाई पठाउन सकिएको थिएन्।

अहिले २०७३ सालको लागि पनि नेपाल हज समितिसँग १,००० ( एक हजार) मात्र कोटा रहेको छ। नेपाल हज समितिले अहिलेको लागि २,५०० हज कोटा माग गरिएको छ । १,००० कोटामा १६१८ जनाको आवेदन फारामप्राप्त भइसकेका छ। कथंकदाचित अहिले ढिलो गरी वा कोटानै वृद्धि भएन भने १,००० जना नेपाली हजयात्रीहरुलाई मात्र हज गर्ने पठाउन बाध्य हुनेछ। यस्तो अवस्था नआओस् भनेर नेपाल हज समिति सक्रियताका साथ लागि रहेको छ।

## हाजीको कोटा बृद्धि र राहतको लागि सम्माननीय प्रधानमन्त्रीको ध्यानाकर्षण

नेपालमा अहिले पनि नेपाली हाजीहरुको लागि १००० मात्र कोटा रहेकोले साउदी सरकार संग कोटा बृद्धिका लागि र नेपाली हाजीहरुलाई बिगतमा भन्दा अझ बढि राहत सहयोग उपलब्ध गराइदिनु हुन भनी नेपाल हज समितिले मिति २०७३।२।३१ को पत्रसाथ सम्माननीय प्रधानमन्त्री के पी शर्मा ओलीज्यू संग भेट गरी लिखित मागहरु प्रस्तुत गरेको छ। नेपाल हज समितिको मागहरुका बारेमा सम्माननीय प्रधानमन्त्रीज्यूले यथासम्भव पुरा गर्ने आश्वासन दिनु भएको छ।

## इफतार कार्यक्रमको आयोजना :

नेपाल हज समिति र कतार एयरवेजको संयुक्त आयोजनामा मिति २०७३।३।९ गतेका दिन दरबारमार्ग स्थित याक एण्ड यती होटलमा इफतार कार्यक्रम सम्पन्न भयो। उक्त इफतार कार्यक्रममा विभिन्न राजनितिक दलका उच्च पदस्थ व्यक्तिहरु सहित समाजका लब्ध प्रतिष्ठित व्यक्तिहरु र सबै धर्मका अगुवाहरुको सहभागिता रहेको थियो।



## हज समिति र हाजीहरु बीचको अर्न्तसम्बन्ध :

हज समिति र हजयात्रीहरु एउटै सिक्काका दुई पाटा हुन्। यी दुईको राम्रो सम्बन्धविना हजकार्य सहज हुन सक्दैन। हजयात्रीहरुको छनोट गर्ने, टिकटको व्यवस्था गर्ने, मोअल्लीमको व्यवस्था गर्ने, बस्ने होटल तथा कोठाहरुको व्यवस्था लगायतका सम्पूर्ण व्यवस्था गर्ने जिम्मेवारी हज समितिको हो। हाजीहरुलाई कम भन्दा कम खर्चमा बढि भन्दा बढि सेवा सुविधा उपलब्ध गराउने कार्य हज समितिको हो। सबै हजयात्रीहरुले हजको दौरानमा गर्नु पर्ने सम्पूर्ण कार्य आफैं गर्न
सक्दैंनन्। त्यसैले राज्यबाट हज समिति निर्माण गरिन्छ। हजकार्य नितान्त धार्मिक कार्य हो। हज समितिले हजयात्रीहरुको हजयात्रामा सहयोग गर्दछ। नेपालका अधिकाश हजयात्रीहरुको आर्थिक अवस्था निकै कमजोर रहेको हुन्छ। प्रायजसो व्यक्तिहरुले जग्गा जमिन, भैसी, गोरु आदि बेचेर हजगर्ने गर्दछन। उनीहरुले कसरी कम भन्दा कम खर्चमा हज कार्य सम्पन्न गर्न सकिन्छ भन्ने तर्फ ध्यान गएको हुन्छ। यस तर्फ हज समिति क्रियाशिल रहेको छ।

## सन् २०१५ का हाजीहरुको प्रतिकृया :

नेपाल हज समितिलाई २०७२ सालको हज कार्य सुखद रह्यो। हज गर्नका लागि आवेदन भरेका कुल १,४५० नेपाली हाजीहरु सबैलाई हज गराउन नसकेपनि १,०२१ हाजीहरुको हज यात्राको व्यवस्थापन राम्रो रह्यो। नेपाल हज समितिलाई सुरुमा सबै आवेदकहरुलाई हज गर्न लैजान नसकेकोमा केही समस्याहरु आए। कोटा समयमा बृद्धि हुन नसकेकाले नै यो समस्या उत्पन्न भएको थियो।

कुल १०२१ हाजीहरुको साउदीको मक्का तथा मदिनामा मात्र होईन, सिंगो यात्रा नै सौहार्दपुर्ण वातावरण रहन गयो। एक आपसमा मित्रता, सहयोगको वातावरण कायमै रह्यो। नेपाल हज समितिले हाजीहरुलाई गरेको सहयोगका लागि ति नेपाली हाजीहरुले नेपाल हज समिति तथा हज समिति

प्रति आभार व्यक्त गरे । कुनै पनि हाजीले आफुलाई हजको दौरानमा कुनै पनि प्रकारको समस्या नभएको, हज समिति तथा हज समितिका अध्यक्षले धेरै सहयोग गरेको बताए । साउदीको मक्का तथा मदिनामा बस्नको लागि राम्रो व्यवस्था भएको, नेपाली हाजीहरुलाई खानपिनमा पनि उल्लेख्य सहयोग उपलब्ध गराइएको थियो ।

नेपाल हज समितिले यस पटक नयाँ कार्यको थालनी गऱ्यो । २०७२ तथा सन २०१५ मा हज कार्य सम्पन्न गरी फर्केका हाजीहरुलाई काठमाण्डौ, पोखरा, बाँके, कपिलवस्तु, बुटवल, सुनसरी, बारा आदिजिल्लामा गई सम्मान कार्यक्रम गरी सबैलाई सम्मान पत्र वितरण गरी सम्मान कार्यक्रमको आयोजना गरियो । हज गरी फर्केका हाजीहरु र नेपाल हज समिति बीच ति सबै सम्मान कार्यक्रमहरुमा निकै घनिष्ठ सम्बन्ध रहेको पाईयो । सबै कार्यक्रममा हज गरी फर्केका नेपाली हाजीहरुले नेपाल हज समितिको कार्य, सहयोगलाई खुलेरै प्रशंसा, स्वागत गरेको पाईयो । आगामी दिनहरुमा पनि नेपाली हज यात्रीहरुको लागि यस्तै राम्रा राम्रा कार्य हुन्, एक आपसमा एकले अर्कोको खुलेर प्रशंसा गर्ने अवस्था, वातावरण बनोस् भन्नेमा समिति सचेत छ ।

## हज प्रतिनिधिमण्डल :

हज समितिले नेपाल हज समिति कार्यविधि, २०७२ को दफा (९) बमोजिम हजयात्रुहरुको रेखदेख, धार्मिक कुराहरुमा हजयात्रीहरुको पथप्रर्दशन गर्न तथा व्यवस्थापनको लागि हजयात्रीहरुको साथमा साउदी अरबको मक्का मदिनामा जाने स्वास्थ्य चिकित्सक सहितका पदाधिकारीहरुको टोली नै हज प्रतिनिधिमण्डल हो ।

हजयात्रीहरुको रेखदेख र व्यवस्थापनको लागि यो प्रतिनिधिमण्डलले मुख्य रुपमा देहायका कार्यहरु गर्दछन् :

- ➜ नेपालबाट हज गर्न जाने हजयात्रीहरुलाई सुरक्षित रुपले साउदी अरब लैजाने, त्यहा व्यवस्थित रुपले बस्ने व्यवस्था मिलाउने, समस्या पर्दा रेखदेख गर्ने र सुरक्षित रुपले नेपाल फर्काएर ल्याउने जिम्मेवारी हज प्रतिनिधिमण्डलका हुनेछ ।



- ➜ हजयात्रीहरु गम्भिर रुपले विरामी परी अस्पताल भर्ना हुनु पर्ने भएमा विरामीको स्याहार गर्ने र सहयोग गर्ने कुरुवाको काम विरामीका आफन्त, नातेदार वा निजको गाँउको ठाँउको सहयोगी हजयात्रुले गर्नुपर्ने हुन्छ, यसमा प्रतिनिधि तथा स्वयंसेवकले अस्पताल लैजान सहयोग गर्ने र समय समयमा हालखवर लिने ।
- ➜ हजयात्रीहरुलाई मौअल्लिमको परिचयपत्र उपलब्ध गराउने, मक्काबाट मिना अराफात जाने आउने तथा मक्काबाट मदिना तथा मदिनाबाट जेद्दा जाने आउने आवश्यक वसको व्यवस्था मौअल्लिमसँग समन्वय गरी हज प्रतिनिधिमण्डलले मिलाउने ।
- ➜ मक्का मदिनामा हजयात्रुहरु बसेको घरमा विजुली पानी तथा एयरकन्डिसनको व्यवस्था, खानेपानी उपलब्ध गराउने, खाना पकाउन ग्यास हिटर आदीको व्यवस्था गर्ने जिम्मेवारी त्यहाँको घर धनीको हुने भएकाले यस सम्बन्धमा कुनै समस्या परेमा घर धनीसँग सम्पर्क र समन्वय गरी सुधार गराउने काम प्रतिनिधि सदस्यहरुको हुनेछ । तर साउदी सरकारको कुनै नियम कानूनले खाना पकाउने लगायत कुनै सुविधा उपलब्ध गराउन प्रतिवन्धित भएको अवस्थामा प्रतिनिधिहरुले केही गर्न सक्ने अवस्था नहुदाँ होटेलमा खाने वा किनेर खाने वैकल्पिक व्यवस्था हजयात्रुहरु आफैले गर्नुपर्ने हुन्छ ।
- ➜ हजयात्रामा जादा र फर्केर आउदा एयरपोर्टमा हुने चेकजाँच, बोर्डीङपास र लगेज क्लीयरेन्स लगायतका काममा हजयात्रीहरुलाई आवश्यक समन्वय र सहयोग गर्ने ।
- ➜ प्रत्येक हवाई उडानमा सकेसम्म एक जना प्रतिनिधिमण्डलका सदस्य हजयात्रीहरुको नेतृत्व गर्दै जाने । उडानको समय र ट्रान्जिटको समयमा परि आउने समस्यामा आवश्यक पहल र प्रयास गरी समाधान गर्न लगाउने ।

- साउदी अरब पुगेपछि एयरपोर्टमा नेपाली राजदूतावासका कर्मचारीहरुसँग समन्वय गरी मौअल्लिम दस्तुर क्लीयरेन्स गराउने, हजयात्रुहरुको सामानहरु सुरक्षितसाथ निकाल्ने, हजयात्रुहरुको राहदानीमा स्टीकर लगाउने, मौअल्लिमले व्यवस्था गरेको बसमा राखी हजयात्रुहरुलाई सुरक्षित रुपले मक्का मदिना पुऱ्याउने ।
- मक्कामा भाडामा लिएको घरमा विभिन्न कोठाहरुमा भएको क्षमताअनुसार समूह मिलाई हजयात्रुहरुलाई वस्ने व्यवस्था मिलाउने, मक्का मदिनामा कोठाको आधारमा मात्र नभई प्रत्येक वेडको आधारमा घरभाडा लाग्ने हुनाले कुनै पनि वेड खाली नराखी हजयात्रुहरुको वस्ने व्यवस्था मिलाउने ।
- मक्का मदिनामा हजयात्रुहरु बाटो बिराउदा, हरमबाट आफ्नो कोठासम्म नपुगी कही हराउँदा प्रतिनिधिहरुले आफैं वा स्वयमं सेवकको मद्दतबाट खोज तलास गरी ल्याउने पुऱ्याउने ।
- हजयात्रुहरु विरामी पर्दा प्रतिनिधिमण्डलको डाक्टर र स्वास्थ्यकर्मीबाट चेक जाँच गरी आवश्यक औषधि दिने व्यवस्था गरिने । हजयात्रुहरु गम्भिर रुपले विरामी पर्दा नजीकको अस्पताल र क्लिनिकहरुसम्म लैजाने र ल्याउने काममा प्रतिनिधिमण्डलका सदस्य तथा स्वयमं सेवकहरुले सहयोग गर्ने । कुनै औषधि किन्नु पर्ने भएमा वा अस्पतालमा अन्य कुनै खर्च लागेमा हजयात्रीहरु आफैले व्यहोर्नु पर्ने कुरा जानकारी गराउने ।

## हज प्रतिनिधिमण्डल - २०१५ (वि.स.२०७२) :

वि.स. २०७२ साल (सन् २०१५) हि.स. १४३६ मा नेपालबाट साउदी अरबको मक्का मदिना हज गर्न जाने नेपाली हजयात्रीहरुको रेखदेख र व्यवस्थाको लागि नेपाल हज समिति सम्बन्धी कार्यविधि, २०७२ बमोजिम नेपाल हज समितिका अध्यक्ष श्री ताज मोहम्मद मियाको नेतृत्वमा हज प्रतिनिधिमण्डल साउदी अरबको मक्का मदिना गई जम्मा १०२१ जना हजयात्रीहरुको हजयात्रामा सहयोगी भुमिका निर्वाह गरेको थियो ।



## सन् २०१५ को प्रतिनिधिमण्डलले औल्याएका समस्याहरु

क) औषधी उपचार सम्बन्धमा :

मक्का मदिनाको गरम ठाउँमा बाहिर गर्मी र बस्ने कोठामा एयर कन्डिसनको चिसोले गर्दा प्राय जसो हजयात्रीहरुलाई खोकी ज्वरो लाग्ने भई विरामी पर्दछन् । साउदी अरबको अस्पतालहरुमा निशुल्क उपचारको व्यवस्था भएपनि हजयात्रीहरु बस्ने ठाँउबाट धेरै टाढा टाढा उपचार गराउन आउदा जादा समस्या पर्ने हुन्छ । गत विगत वर्ष देखि नेपाली हज प्रतिनिधिमण्डलमा चिकित्सक समेत जाने गरे तापनि हजयात्रीहरुलाई प्रयाप्त उपचार सेवा पुऱ्याउन सकिएको हुदैन । नेपालबाट प्रयाप्त मात्रामा औषधी लैजान नसकिने नेपालबाट लिएको औषधि त्यहाँको हावापानीमा राम्रो सँग काम नगर्ने, स्थानीय रुपमा औषधी खरिद गर्न धेरै महगो हुनु, हजयात्रीहरु आफ्नो पैसाले कुनै औषधि खरिद गरेर सेवन गर्न नचाहनु, प्रयोगशाला एक्स रे र अन्य आधारभुत सुविधा नभएकोले समितिको चिकित्सकले सामान्य चेक जाँच गरेर भएको औषधि मात्र दिन सक्नु आदि कारणले चाहिदो मात्रामा उपचार सेवा प्राप्त नभएको हजयात्रीहरुको गुनासो रहेको हुन्छ ।

ख) सवारी साधनको समस्या :

अन्य देशहरुको हज मिशनलाई मक्का मदिनामा हजयात्रीहरुको सेवा र व्यवस्थापनको लागि आफ्नो एम्बुलेन्स, जीप, कार आदि सवारी साधनहरु प्रयाप्त मात्रामा उपलब्ध रहेको तर नेपालबाट जाने एक हजार भन्दा बढी हजयात्रीहरु भएपनि नेपाल हज समितिले पाउने प्रतिनिधिमण्डलले प्रयोग गर्ने कुनै पनि सवारी साधन नहुँदा हज व्यवस्थापन सम्बन्धी विभिन्न कामहरुको लागि त्यहाँको विभिन्न निकायहरुमा जान आउन, हराएका हजयात्रीहरु खोजेर ल्याउन तथा विरामी पर्दा अस्पताल सम्म पुऱ्याउन ल्याउन निकै समस्या परि रहेको छ । सो कामको लागि हजयात्रीहरुबाट रकम असुल गर्न नमिल्ने, सरकारले पनि कुनै वजेट उपलब्ध नगराउने भएकोले भाडाँमा पनि सवारी लिएर चलाउने अवस्था छैन । चालक सहित सवारी साधन हज सीजन भरिको लागि भाडामा लिंदा धेरै खर्च लाग्ने देखिन्छ ।

ग) प्राविधिक समस्या :

यस वर्ष भीसा रजिष्ट्रेसन कार्यका लागि इगेटवे सम्बन्धि नौलो प्रणाली अपनाइएको हुँदा हजको समयमा भिसा रजिष्ट्रेसन सम्बन्धी विविध समस्याहरु (राहदानीमा भएको विवरण र पासपोर्ट स्क्यानरले देखाउने विवरण फरक देखिने र त्यस्तो खालको विवरण रद्ध गर्न मिल्ने भएतापनि रद्ध नहुने) आउने र जसले गर्दा हज भीसा जारी गर्ने समयमा कठिनाइ पर्न गएको थियो ।

## समस्या समाधानका उपाय र सुझावहरु

क) प्रशिक्षण सम्बन्धमा :

हजयात्रीहरुलाई प्रशिक्षण दिनुपर्ने : हजयात्रुहरुलाई हज समितिबाट प्राप्त हुने सेवा सुविधाहरु, लाग्ने खर्च तथा अन्य कुराहरुका सम्बन्धमा हजयात्रुहरु र निजका आफन्तहरुबाट गुनाशाहरु उठ्ने गरेको पाइन्छ । यसको कारण हजसमितिबाट के कस्ता सेवा सुविधाहरु उपलब्ध हुने हो सोको जानकारी हजयात्रुहरुलाई नहुनु तथा हजयात्रामा लाग्ने खर्चका सम्बन्धमा पारदर्शी तरीकाले खर्चको विवरण प्रस्तुत हुन नसक्नु हो । यस बाहेक सही तरीकाले हजको प्रक्रिया पुरा गर्न चाहिने आधारभुत कुराहरुको धार्मिक जानकारी सबै हजयात्रुहरुलाई नभएको कारणले ठुलो धन राशी खर्च गरेर जाने हाजीहरुको सहि तरिकाले हज गर्न नसक्ने अवस्था श्रृजना हुन्छ । यी सबै कुराहरुको सही जानकारी उपलब्ध गराउन हजयात्रुहरुलाई प्रशिक्षण दिनु आवश्यक हुन्छ । यसको लागि निम्नानुसारका काम कारवाही गर्नु आवश्यक छ ।

(१) हजयात्रा प्रस्थानको समयमा काठमाडौंमा हजयात्रुहरुलाई समितिका पदाधिकारीहरुबाट अभिमुखिकरण तालीम दिने । यसमा हज समितिले गरेका काम कारवाही, हजयात्राको खर्च विवरण, हजसमितिले प्रदान गर्न सक्ने सेवा सुविधा, मक्का मदिनामा हज मिशनबाट हजयात्रुहरुले पाउन सक्ने सेवा सुविधा आदिको बारेमा जानकारी गराउनु पर्ने ।



(२) धेरै हजयात्रुहरु भएको जिल्लाको सदरमुकाम तथा हजयात्रा प्रस्थानको समयमा काठमाडौंमा इस्लामिक धार्मिक मौलानाहरुबाट हज गर्दा अपनाउनु पर्ने सबै धार्मिक प्रक्रियाहरुको बारेमा प्रशिक्षण दिने । यस काममा धार्मिक संघ संस्थाहरुको सहयोग लिने ।

(३) हजयात्रुहरुले पालना गर्नु पर्ने आचारसंहिता बनाई नेपाली भाषामा छपाई हजयात्रुहरुलाई उपलब्ध गराउने । साथै हज र उमरा सम्बन्धी धार्मिक प्रक्रियाहरुसम्बन्धी पुस्तिकाहरु नेपाली र उर्दु भाषामा छपाई हजयात्रुहरुलाई वितरण गर्ने ।

(४) यी कामहरु सुचारु रुपले गर्न गराउन आवश्यक वजेटको व्यवस्था समितिबाट गर्ने तथा धार्मिक संघ संस्थाहरुको सहयोग मदत लिने ।

ख) नेपाली दूतावासको सहयोग सम्बन्धमा : नेपालको दूतावास साउदी अरबको रियादमा रहेको जुन जेद्धाबाट करिव १२०० कि.मि.टाढा रहेको, यस समितिबाट साउदीमा गरिने सबै आर्थिक कारोबारहरु दूतावासमार्फत गरिदै आएको, हाल मक्काको नजिकै जेद्धामा नेपालको कन्सुलेट जनरल अफिस स्थापना भई सञ्चालनमा रहेकोले यस वर्ष उक्त कार्यालयमार्फत आर्थिक कारोबार बाहेकका अन्य कार्यहरु हज मन्त्रालय सम्बन्धी, इ(गेटवेय सिस्टम सम्बन्धी, तहाँ जाने हजयात्रुका लागि आवास, यातायात व्यवस्थापन सम्बन्धी कार्य गरिएको । यसर्थ आगामी वर्षदेखि हजसम्बन्धी नेपालबाट समिति सम्बन्धी कार्यहरु सो कार्यालयमार्फत नै गराउन तथा हज समितिमार्फत नेपाली दूतावासलाई पठाइदै आएको रकम उक्त कन्सुलेट जनरल अफिसमा पठाउन उपयुक्त हुने ।

ग) विविध :

(क) हजयात्रीहरुलाई मक्का मदिना जाने क्रममा वास व्यवस्थापनमा अत्यन्त कठिनाई भएकोले नेपाल हज समितिको कार्यविधि २०७२ मा उल्लेखित हज हाउस निर्माण गरी चाडो भन्दा चाडो सञ्चालनमा ल्याउनु पर्ने देखिएको ।

(ख) हज प्रतिनिधिमण्डलबाट प्रत्येक हाजीलाई हेरचाह गर्न सम्भव नहुने हुँदा ६५ वर्ष भन्दा माथि उमेर पुगेका हाजीसँग एक जना सहयोगी हाजी अनिवार्य रुपमा हुनुपर्ने ।



## अध्याय - ३

१. इस्लाममा हज

साउदी अरबको मक्का मदिनामा गएर खानेकाबाको तवाफ गर्ने, उमराह गर्ने, अरबी महिना जिल्हिज्जाको ८ देखि १२ तारिख सम्म मिना, मुज्दल्फा, अराफातमा बस्ने, कुर्वानीगर्ने, सैतान अर्थात जुमरातलाई ढुंगाले हिर्काउने जस्ता कार्यहरु गरिन्छ । हजपछि वा हजभन्दा पहिले मदिनामा गएर कम्तीमा ८ दिन बस्ने गरिन्छ । मदिनाको जियारत गर्ने गरिन्छ । कम्तीमा ४० वक्तको नमाज जमातका साथ पढने गरिन्छ । यसरी माथि उल्लेख गरिएका यिनै कार्यको इरादा तथा संकल्प गर्दै सोही कार्य गर्नु नै हज हो । इस्लामको ५ औ स्तम्भ अर्थात आधार हज हो ।

अन्तिम पैगम्बर हजरत मुहम्मद सल्लल्लाह अलैहेवस्सलमले भन्नुभएको छ कि इस्लामका ५ वटा स्तम्भ अर्थात पिल्लरहरु रहेका छन ति हुन :

क. एक अल्लाहलाई मान्दै उनकैमात्र ईबादत गर्ने र हजरत मुहम्मद सल्लल्लाह अलैहेवस्सल्म अल्लाहका अन्तिम पैगम्बर हुन ।

ख. नमाज कायम गर्नु ।

ग. जकात अदा गर्नु अर्थात जोसँग निश्चित धन सम्पत्ति छ, उसले त्यसको अढाई प्रतिशत रकम गरीबहरुलाई धार्मिक दान गर्नु ।

घ. रोजा बस्नु वा राख्नु । अरबी महिनाको रमजान महिनामा रोजा, व्रत राख्नु अनिवार्य गरिएको छ ।

ड. हज गर्नु । सबै मुस्लिम समुदाय जो सक्षम छ उसलाई जीवनमा एक पटक हज अनिवार्य गरिएको छ ।

ईस्लाम धर्ममा इबादत अर्थात उपासनाहरुमा एउटा शारिरीक उपासना पर्दछ जसमा नमाजर रोजा अर्थात व्रत उपासना पर्दछ । अर्कोमा आर्थिक ईबादत अर्थात उपासना पर्दछ । जसमा जकात,फित्रा,दान,सद्का आदि पर्दछ । हजमा आर्थिक र शारिरीक दुवै ईबादत अर्थात उपासना पर्दछ । यसमा आर्थिक पनि खर्च गर्नुपर्ने हुन्छ र शरिरलाई पनि दुख हुने गर्दछ । जुन मुस्लिम स्वास्थ्य,स्वतन्त्र, बालिग र आर्थिक रुपबाट सक्षमवाला छ भने त्यसको लागि

हज अनिवार्य गरिएको छ। इस्लाम धर्ममा गरिब,नाबालिक, मानसिक असन्तुलन भएकालाई हज अनिवार्य गरिएको छैन ।

हज प्रत्येक समक्ष मुस्लिमलाई जिवनमा एक पटक अनिवार्य गरिएको छ । हज वर्षमा एक पटकमात्र गर्ने गरिन्छ । हजसँग सामान्य मिल्दोजुल्दो उमराह हो तर पनि यि दुईमा धेरै भिन्नता छ । उमराह जहिले पनि गर्न सकिन्छ । उमराहमा इहराम बाँधेर खाने काबाको तवाफ अर्थात परिक्रममा गरिन्छ, सफा मरवाको सई गरेर कपाल खोईरिने गरिन्छ ।महिलाले १ इन्च कपाल काटने गर्दछन । हजमा उमराह पनि गरिन्छ । हजको लागि अरबी महिना जिल्हिज्जाको ८ औं तारेखदेखि १२ तारेख सम्म निश्चित गरिएको हुन्छ । हजमा अराफतमा बस्ने, कुर्वानी गर्ने, जुमरातलाई ढुंगाले हिर्काउने आदि कार्य गरिन्छ ।

हजको बारेमा कुरआनमा भनिएको छ "भनिदेउ-अल्लाहले - (जे जती भनेका छन्) नितान्त सत्य भनेका छन । अतः तिमीहरु एकाग्रहचित्त भएर इब्राहिमको तरिकाको अनुसरण गर ।" र उनी बहुदेब बादीहरु मध्येका थिएनन् । निःसन्देह पहिलो घर जुन मानव जातीका लागि निर्माण गरियो त्यो त्यही हो जो मक्कामा छ, जुन सम्पुर्ण मानव जातीका लागि सर्वमंगलमय र मार्ग दर्शनको केन्द्र हो । यसमा स्पष्ट निशानीहरु छन् (जस्तो कि) इब्राहिमको भक्तिस्थल र जो यसमा प्रवेश गर्छ, पूर्ण शान्तिमा हुन्छ । मानवजाती माथी अल्लाहको यो हक रहेको छ कि जो त्यहाँ सम्म पुग्न समर्थ छ उसले त्यस घरको हज गरोस् र जसले अस्वीकार गर्छ (उसले जानोस कि अल्लाह) संसारबासीहरुबाट निष्कृय छन ।
कुरआन :-३:९५(९७)

यसैगरी कुरआनमा अल्लाहले अर्को स्थानमा भन्नु भएको छ, "अनी (स्मरण गर) हामीले इब्राहीमका लागि यो घर (काबा) को स्थान निर्धारण गर्यौं (यो भन्दै) कि मसँग कसैलाई साझेदार नबनाउ र मेरो घर (काबा) लाई तवाफ (परिकमा) कियाम (उभिने) रुकअ् (झुक्ने) तथा सज्दा गर्ने ( ढोग्ने) हरुका लागि पवित्र राख र मानिसहरुमा हजको घोषणा गरिदेऊ कि उनीहरु हिडेर,वा हरेक प्रकारको दुरवर्ती बाटोबाट आउने उँटहरुमा सवार



भएर तिमीकहाँ आऊन.....ताकि उनीहरुले आफ्ना लागि(राखिएका) फाईदाहरुसम्म पुग्न सकुन् र (बलिदानका) निश्चित दिनहरुमा ति जनावरहरुलाई कुरबानी गर्दा अल्लाहको नाम लेऊन । अनि त्यसबाट तिमीहरु पनि खाऊ र पराश्रित,भोका, गरिवहरुलाई पनि खुवाऊ । अनि मानिसहरुले आफ्नो फोहोर मैला सफा गरुन, आफ्ना भाकलहरु पुरा गरुन् पुरानो घर (काबा) को तवाफ (परिक्रमा) गरुन् । (कुरआन :२२:२६(२९)

"र अल्लाहका लागि हज तथा उमरा गर । यदी तिमीहरु घेरीयौ भने उपलब्ध जनावरको त्यही कुर्वानी देऊ ।"...(कुरआन :२:१९६)

"र, (स्मरण गर) जब इब्राहीम (अ) तथा ईस्माईल (अ.) यस घरको जग उठाइरहेका थिए साथै भन्दै थिए " हे हाम्रा पालन कर्ता । हाम्रो तर्फबाट ( (यो कार्य) स्वीकार गर । निःसन्देह तिमीनै सर्वश्रोता तथा सर्वज्ञ छौ ।" (कुरआन :२:१२७)

"निःसन्देह सफा तथा मर्वा अल्लाहका चिनारीहरु मध्येका हुन् । अल्लाहको घर (काबा ) को हज तथा उम्रा गर्नेहरु यी दुवै बिच दगुर्छन भने उनीहरुमाथि कुनै आपत्ति छैन र जसले स्वईच्छाले कुनै सत्कर्म गर्छ उसले त्यसको पुरा प्रतिफल पाउने छ । निःसन्देह अल्लाह गुणग्राही एवं सर्वज्ञ छन् । (कुरआन :२:१५८)

"र, स्मरण गर जब हामीले यस घर(अर्थात काबा) लाई मानिसहरुको लागि केन्द्र एवं शान्ति स्थल बनायौं र (भन्यौ) मकामे इब्राहीम(इब्राहिम उभिने ( स्थल) लाई नमाज पढ्ने स्थान बनाऊ र हामीले इब्राहीम (अ.) तथा इस्माईल (अ.)सित हाम्रो घरलाई तवाफ (परिकमा),एतिकाफ(एकान्तमा बस्ने), रुकुअ् (निहुरिने), तथा सज्दा (ढोग्ने कार्य) गर्नेहरुका लागि पवित्र राख्ने वचन लियौ ।" (कुरआन : २: २१५) )

"हजका महिनाहरु प्रख्यात छन । तसर्थ जसले यी मानिसहरुमा हजको निश्चय गर्छ ,उसले हजका दिनहरुमा न सम्भोग गरोस,न अनैतिक कार्य गरोस,न लडाई झगडानै गरोस । तिमीहरुले जुन पुन्य कर्म गर्ने छौ अल्लाहलाई थाहा हुन्छ । (हजका लागि) सामल(बाटा खर्च ) लिएर जाऊ र सब भन्दा उत्कृष्ट सामल तक्वा (ईशभय ) हो । हे बुद्धिमानहरु हो । मेरो अवज्ञाबाट बच । ि

तमीहरुले आफ्ना पालनकर्ताको अनुगह्र खोजेमा कुनै आपत्ति छैन र अरफातबाट फर्कदा मश्अरे हराम (मज्दल्फा) मा अल्लाहलाई याद गर किनभने उनले नै तिमीहरुलाई सत्मार्ग देखाए जब कि तिमीहरु यस अघि पथभ्रष्ट थियौ । र त्यसपछि अरु मानिसहरुले प्रस्थान गरेकै ठाउँबाट तिमीहरु पनि प्रस्थान गर, उनीसँग क्षमायाचना गर । निःसन्देह अल्लाह अत्यन्तै क्षमाशील तथा परम दयालु छन् । अनी हजका सबै रीतिहरु पुरा गरिसकेपछि जसरी तिमीहरु आफ्ना पुर्खाहरुको सम्फना गर्छौ त्यसरीनै वा त्यसभन्दा पनि बढि अल्लाहलाई याद गर........। (कुरआन : २: १९७(२००)

हजको बारेमा विभिन्न हदीसहरुपमा पनि यसरी भनिएको छ कि हजरत अबुहुरैरह रादिअल...ले भन्नु भयो कि : अन्तिम पैगम्बर हजरत मुहम्मद( सल्ल...)ले हामीहरुलाई सम्बोधन गर्दै भन्नु भयो : हे मानिसहरु हो । तिमीहरु माथि हज अनिवार्य गरिएको छ तसर्थ तिमीहरु हज गर । (हदीस मुस्लिम नसई )

यसैगरी अर्को हदीसमा अब हुरैर (रजि.) ले भन्नुभयो : नबी (स.) सँग सोधियो कि : कुन कार्य सबभन्दा उत्तमहो ? उहा (स) ले भन्नुभयो कि : "अल्लाह तथा उनका रसुल माथि ईमान"र फेरी सोधियो ( "त्यसपछि कुन कार्य" वँहा (स.) ले भन्नुभयो ( "अल्लाहको मार्गमा जिहाद (संघर्ष)" । " फेरी कुन कार्य ?" उहा(स)ले भन्नुभयो ( "निस्कपट हज ।" (हदीस बुखारी व मुस्लिम)

त्यसैगरी हदीस इब्ने माजामा भनिएको छ ( "नवी (स) ले भन्नुभएको छ हज तथा उम्रा गर्नेहरु अल्लाहका यात्रुदल हुन, उनीहरुले गरेको दुआलाई अल्लाहले स्वीकार गर्छन र उनीहरुले गरेको क्षमा याचनालाई सुनेर माफ गर्नेछन ।"हज गर्नाले हजगर्ने व्यक्तिले पापबाट मुक्ति पाउँछ । आखिरी पैगम्बर हजरत मुहम्मद (स.)ले भन्नुभएको छ कि : "जसले अल्लाहको लागि हज गऱ्यो र त्यसमा कामवासना तथा अन्य पापहरुबाट जोगियो ऊ यस्तो फर्कियो जस्तो कि आजनै आफ्नो आमाको कोखबाट जन्म लिएको हो ।"



हजले मानिसलाई अल्लाहको भक्ति बनाउँछ । आत्मशुद्धिकरण हुन्छ । सांसरिक जीवनको लोभ लालच हुँदैन । आफन्त, बालबच्चा, सम्पत्ति सबै त्याग्दै अल्लाहको मात्र भक्ति हुन्छ । हजको जब तयारी गर्दछ तब देखि नै अल्लाहको डर राख्दछ ।

हजले सारा मुस्लिमहरु बिच एकता गराउँछ । संसारबाट हजका लागि खाने काबामा आउँछन । गोरा, काला, होचा, अग्ला सबैजना एउटै पोसाकमा, एउटै तरिकामा, एउटै अल्लाह प्रति भक्तिभावले गर्दा पनि एक(आपसमा मित्रता, भाइचाराको भावना वृद्धि हन्छ र यसले एउटै अल्लाहको सन्देश पनि प्रवाह हुने गर्दछ ।

हजको समयमा आध्यात्मिक हलचलनै हुने गर्दछ । रमजान सकिसकेपछि हाजीहरु हजको तयारीमा लाग्दछन् । अरबी महिनाको जिकादाको अन्तसम्म हजयात्रीहरुको जाने क्रम जारी रहन्छ भने जिल्हिज्जाको अन्त्य देखि महर्रमसम्म हाजीहरुको वापसी भई रहन्छ । यस्तै खालका हजका अन्य धेरै फाईदाहरु रहेका छन ।

## २. हजको इतिहास

कुरआनको पारा ३ को आयात ९६ मा लेखिएको छ कि "निःसन्देह पहिलो घर जुन मानवजातिका निम्ति निर्माण गरियो त्यो त्यही हो जो मक्कामा छ, जुन सम्पूर्ण मानवजातिका लागि सर्वमंगलमय एवं मार्गदर्शनको केन्द्र हो ।"

प्रस्तुत आयतबाट संकेत मिल्दछ कि पहिलो पैगम्मबर आदम (अ) ले नै अल्लाहको आदेशअनुसार खाने काबा बनाएका थिए । नुह (अ) को पालामा ठूलो बाढी आएको थियो र त्यही बाढीले उक्त खाने काबा पनि भत्काएको थियो । पछि इब्राहिम (अ) लाई अल्लाहको तर्फबाट उक्त खाने काबा बनाउने आदेशअनुसार बाबुछोरा अर्थात इब्राहिम (अ) र इस्माईल (अ) ले मिलेर बनाउनु भएको थियो । खाने काबा विभिन्न समयमा विभिन्न व्यक्तिहरुद्धारा बनको छ र बन्ने क्रम अफै पनि जारी छ ।

इब्राहिम (अ) पनि अल्लाहका सन्देष्टा अर्थात पैगम्बर हुन । वँहाले आफ्नो कान्छी श्रीमती हजरत हाजरा र नाबालक शिशु छोरा इस्माईल (अ)लाई मक्काको मरुभुमिमा छोडे । शिशु इस्माईल (अ) लाई निकै तिर्खा लाग्यो । छोराको प्यास मेटाउन आमा हजरत हाजरा नजिकैको सफा भन्ने पहाडमा पानी खोज्न जानुभयो । त्यहाँ पानी नपाएपछि नजिकैको मर्वा भन्ने पहाडमा जानुभयो । त्यहाँ पनि पानी पाउनुभएन । अनि पानीकै खोजीमा सफा र मर्वा भन्ने पहाडमा ७ चक्कर लगाउनु भयो तर पानी पाईएन । अनि पानी नपाएपछि बालक शिशु इस्माईल(अ) को नजिक जानु भयो त्यहाँ वँहाले शिशुको पैतला मुनी पानी बगिरहेको पाउनु भयो । बगेको पानीलाई वँहाले जम जम अर्थात रुक रुक भन्नुभयो । अहिले पनि उक्त पानीलाई जम जमनै भनिन्छ । छोराको प्यास बुझाउन सफा र मर्वा नामक पहाडमा पानी खोजिरहेको बेलामा अल्लाहले फरिस्ता जिब्रहिल (अ)लाई पठाएर जम जम नामक पानीको मुल फुटाउनु भएको थियो । अहिले हज गर्दा पनि सफा र मर्वा नामक पहाडमा ७ चक्कर लगाउने गरिन्छ जसलाई सई भनिन्छ ।

हजरत इब्राहिम (अ) को जब ८६ वर्षको उमेर भएको थियो तबमात्र बुढेसकालमा छोरा हजरत इस्माईल (अ) को जन्म भएको थियो । जब इस्माईल (अ) को उमेर १७वर्ष भएको थियो त्यतिबेल इब्राहिम (अ) लाई अल्लाहले सपनामा आफ्नो छोरा अल्लाहको नाममा बलिदान अर्थात कुर्वानी गर्न आदेश भयो । इब्राहिम (अ) ले सपनामा आफुलाई अल्लाहतालाले भनेको आदेशका बारेमा छोरा इस्माईल (अ) लाई भन्नुभयो अनि वँहाले इस्माईल (अ) ले अल्लाहतालाले जे हुकुम दिनुभएको छ सो गर्न आफ्ना बुबा अर्थात इब्राहिम (अ) लाई आग्रह गर्नुभयो । सोही बमोजिम इब्राहिम (अ) ले आफ्ना छोरा इस्माईल (अ)लाई अल्लाहतालाको आदेश बमोजिम कुर्वानी अर्थात बलिदानका लागि लगिरहनु भएको थियो । बिच बाटोमा सैतानले बहकाएर आफ्नो प्यारो छोरा त्यो पनि बढेसकालमा जन्मेको छोरालाई अल्लाहको हुकुम बमोजिम बलिदान नगर्न भनिरह्यो तर इब्राहिम (अ) ले त्यो सैतानलाई ढुंगाले हानेर अगाडि बढ्नु भयो, फेरी बिच बाटोमा अर्को सैतानले बहकाउन थाल्यो, बलिदान गर्ने कार्यबाट रोक्न थाल्यो, त्यसलाई पनि इब्राहिम (अ)ले ढुंगालेनै



प्रहार गरी अगाडि जानुभयो । अगाडि फेरी तेस्रो सैतान त्यसरीनै बहकाउन आयो, इब्राहिम (अ) को अल्लाहको आदेश बमोजिमको कार्य रोक्ने प्रयास गर्‍यो, त्यसलाई इब्राहिम (अ)ले ढुंगाले प्रहार गरी आफ्नो कार्यमा अगाडि जानुभयो, अनि अल्लाहको आदेश बमोजिम आफ्नो प्यारो छोरा इस्माईल (अ) लाई अल्लाहको नाममा बलिदान गर्न तयार रहेको अवस्थामा त्यहाँ एउटा दंबा (बाखा वा भेडा जस्तो जनावर) माथि कुर्वानी भयो र यसरी अल्लाहतालाले जुन परिक्षा लिन चाहानु भएको थियो त्यो पुरा भयो । आज तिनै ३ वटा सैतानहरुलाई प्रत्येक हाजी तथा हज्जीनहरुले ७,७ वटा ढुंगाले हान्ने गरिन्छ । अल्लाहतालाको हुकुम जसरी इब्राहिम (अ) लाई भएको थियो त्यसरीनै मानिसहरुले बलिदान स्वरुप कुर्वानी गर्ने गरिन्छ ।

सम्पूर्ण इस्लाम धर्मालम्बीहरुलाई हिज्री ९ मा हज अनिवार्य गरियो । ९

हिजरीमा आखिरी पैगम्बर हजरत मुहम्मद (स) ले हजरत अबुबक्र (रजी) को नेतृत्वमा ३०० साथीहरुलाई हज गर्ने पठाउनु भएको थियो भने १० हिजरीमा नवी (स) ले आफैले एक लाख चौबिस हजारको साथमा हज गर्नु भएको थियो ।

खाने काबा अर्थात मस्जिदे हरम जब इब्राहिम (अ) र उनका छोरा इस्माईल (अ) ले मिलेर बनाउने कार्य सम्पन्न भयो तब देखिनै इब्राहिम (अ) लाई आदेश भयो ... "र मानिसहरुमा हजको घोषणा गरी देऊ.... (कुरआन २२:२७)

इब्राहिम (अ) ले हजको घोषणा गरेपछि मानिसहरु लब्बैक अल्लाहुम्म लब्बैक (म उपस्थित छु,हे अल्लाह म उपस्थित छु) भन्दै हज गरे र यो हजकार्य अहिले सम्म जारी छ र कयामत (महाप्रलय) सम्म हज जारी रहने छ ।

इब्राहिम (अ) ले आफ्नी पत्नी हाजिरा र छोरा इस्माईल (अ) लाई मक्कामा बसाले र आफु भने पत्नी सारासँग फिलिस्तीनमा बस्नु भयो । पछि पत्नी साराबाट इस्हाक(अ) को जन्म भयो ।पछि इस्हाक (अ) बाट याहकुब अर्थात (इस्राईल) (अ) को जन्म भयो । यिनै इस्राइल (अ) का सन्तानहरु मध्येबाट धेरै सन्देष्टा भए । जस्तै युसुफ (अ), मुसा (अ),ईशा (अ) । उता इस्माइल (अ) का सन्तानहरु मध्येबाटनै अल्लाहतालाले अन्तिम सन्देष्टा हजरत

मुहम्मद (स) लाई अन्तिम पैगम्बर बनाएर पठाउनु भयो र हजरत मुहम्मद (स)ले इब्राहिम (अ) को जस्तै एकेश्वरबाद अर्थात एउटै अल्लाहको मात्र इबादत गर्न सिकाउनु भयो । अल्लाहको तर्फबाट वँहा नबी (स) मार्फत कुरआन नाजिल भयो । आज संसारभरि मुस्लिम समुदायहरु दोस्रो स्थानमा रहेका छन् ।

### ३. हजका प्रकार

हज तिन प्रकारका हन्छन । १. इफराद २. किरान, ३. तमत्तोअ नेपाली हाजीहरु हजको तमत्तोअ हज गर्दछन । यसमा पहिला मक्का पुग्ने बित्तीकै उमरा गरिन्छ । एयर अरेबियाबाट जादा शारजाह एयरपोर्टमा ट्रान्जिट पर्ने भएकोले सोही स्थानमा एहराम बाध्ने गरिन्छ ।

### ४. हजयात्रीहरुले जान्नै पर्ने कुराहरु :

क) प्रस्थानको समयको तयारी सम्बन्धी जानकारी

- मेनेजाइटिस र अन्य रोगको खोप नलगाई हज यात्रामा जान नहुने भएकोले अनिवार्य रुपले खोप लगाई त्यसको प्रमाणपत्र लिएर साथमा राख्ने ।
- आफ्नो राहदानी र हवाई टिकट लिएर साथमा राख्ने । राहदानीमा हज भीसा लागेको छ छैन चेक गर्ने । भीसा नभई हजयात्रामा जान पाइने छैन ।
- महिला हजयात्रीको मेहरम साथमा हुनुपर्ने भएको र भीसामा मेहरमको नाम उल्लेख हुनु पर्ने भएकोले सो भए नभएको हेर्ने । महिला र निजको मेहरम एउटै फ्लाइटमा साथमा नै जानुपर्ने हुन्छ । त्यसैले हवाई टिकट र फ्लाइटको व्यवस्था त्यस्तो छ कि छैन जाँच गर्ने ।
- हजयात्रुहरुले हज समितिमा जम्मा गरेको रकमबाट हवाईटिकट, मक्का मदिनाको घरभाँडा र यातायात, मौअस्लिम दस्तुर मात्र खर्च हुन्छ । साउदी अरबमा रहदा बस्दा लाग्ने खाना र पानी, कुर्वानी तथा अन्य खर्चको लागि चाहिने यू.यस.डलर वा साउदी रियालको अलग्गै सटही गरी हजयात्रुले साथमा लिएर जानुपर्दछ । अहिलेको महगांईमा कम्तिमा पनि ६०० डलर



वा २२०० साउदी रियाल लिएर जानु आवश्यक हुनेछ । केही सर सामान किनेर ल्याउने भए थप रकम समेत लिएर जानु आवश्यक छ ।

- हवाई टिकटमा उल्लेख भएको वजनको भन्दा बढी लगेज र सामान हजयात्रुहरु साथमा लैजान र ल्याउन हुँदैन । हजयात्रामा जाँदा साउदी अरबको कानूनले मनाही गरेको खाद्य बस्तुहरु लिएर जान नहुने । (जस्तै : चामल, दाल, तेल, तरकारी आदी) सामाग्रीहरु बोरामा राखेर लैजान नहुने । कुनै कानुनले मनाही गरेका सामानहरु एयरपोर्टमा साउदी अधिकारीले नछोडेमा वा जफत गरेमा हज समितिका अधिकारीहरु जिम्मेवार हुने छैनन ।
- हजयात्रीहरुले चुरोट, विडी, खैनी जस्ता धुम्रपानका वस्तुहरु साथमा नलैजाने त्यस्तै कानूनले प्रतिवन्धित गरेका अन्य सामानहरु पनि साथमा लुकाई छिपाई लैजान नहुने । मनाही गरिएका त्यस्ता सामान साथमा लगेमा त्यसको परिणामको जिम्मेवारी हजयात्रुले आफै व्यहोर्नु पर्नेछ ।
- हवाई जहाजमा चढदा वोर्डीङ पासमा उल्लेख भएको आफ्नो सीट नम्बर हेरी बस्नुपर्दछ । महिलाको मेहरम वा आफन्तको सिट फरक परेमा हवाईजहाजको कर्मचारीले मिलाएर राखी दिनेछ । हवाई जहाजमा सबै यात्रुहरुको सीट रहने भएकोले सीटको लागि तछाडमछाड गर्ने वा दगुरेर अगाडी जाने र हुलहुज्जल गर्ने काम गर्नु हुदैन । आफ्नो र आफ्नो देशको इज्जत र प्रतिष्ठाको ख्याल गरी व्यवहार गर्नु पर्दछ ।
- हज यात्रामा धेरै भीडभाड हुने, धेरै हिडनुपर्ने र अरु धेरै समस्या पर्ने भएकोले शारीरिक तन्दुरुस्ती राम्रो नभएका, विरामी अवस्थाका तथा बढी उमेर भएका बृद्ध र राम्रोसँग हिड्न नसक्ने व्यक्तिहरु सकेसम्म हजयात्रामा जानु हुदैन । यस्ता व्यक्तिहरु जाने भएमा आफ्नो मदतगार व्यक्ति (घरको परिवार, नाता गोता वा गाउँले साथमा हुनु आवश्यक छ । सँग सँगै लिएर डोऱ्याएर हिडने सक्षम व्यक्ति नभएमा यस्ता व्यक्तिहरु हजको प्रक्रिया पूरा गर्न सक्दैनन ।
- हजयात्रामा धेरै हिड्नुपर्ने र भीडभाडको समस्याले गर्दा महिला हजयात्रुहरु सानो बच्चा साथमा लिएर जान पाउदैनन् ।

- थोरै सरसामान र हलुका लगेज भएमा यात्रामा सजिलो हुने भएकोले हजयात्रुहरु एहरामको कपडा र लगाउने अन्य कपडाहरु बढीमा ४ जोर तथा आवश्यक अन्य सामानहरु सकेसम्म हलुका कम मात्रामा लिएर जानुपर्दछ । मक्का मदिनामा सबै आवश्यक सामानहरु किन्न पाइन्छ ।
- जाडोको समयमा पनि मक्का मदिनामा जाडो नहुने भएकोले जाडोमा लगाउने मोटा, उलन र गह्रौं कपडा, बस्ने कोठामा ओढ्ने ओछ्याउने सामान हुने भएकोले कम्बल वा चादर आदी लैजान जरुरी छैन ।
- हज गर्न पुर्‍याउनु पर्ने धार्मिक प्रक्रियाहरु, दुआहरु, विभिन्न चरणका अर्कान (प्रक्रिया) को जानकारी हजयात्रुहरु पहिलेदेखि नै मौलाना वा अन्य जानकार व्यक्तिहरुबाट जानकारी वा तालीम लिनु पर्दछ । हजका अर्कानहरु पुरा नभएमा सही तरीकाले हज नहुने भएकोले ठुलो रकम खर्च गरेर जाने हजयात्रीहरुले यसको ख्याल राख्नु जरुरी छ । यसको लागि विभिन्न धार्मिक संस्थाहरुले प्रकाशित गरेका हजको प्रक्रियासम्बन्धी पुस्तिकाहरु पढेर पनि जानकारी लिन सकिन्छ ।

ख) मक्का मदिनामा रहँदा ध्यान दिनुपर्ने कुराहरु :

- हजयात्रुहरु हवाईजहाजबाट ओर्लेपछि जेद्दाको एयरपोर्टमा मौअल्लिमको प्रक्रिया पुगेपछि तोकिएको बसबाट मक्का पुगेर हज समितिले व्यवस्था गरेको घरमा बस्ने । घरको प्रत्येक कोठामा भएको बेड संख्याको आधारमा समूह मिलाई बस्नु पर्ने भएकोले आफ्नो मन मिल्ने गाँउ ठाँउ वा नातेदारहरुको समुह बनाई हज समितिको प्रतिनिधिसँग समन्वय गरी तोकिएको कोठामा वस्नुपर्दछ ।
- बसेको कोठाबाट बाहिर कुनै ठाउँमा जादा वा मस्जिद हरम जादाँ आउँदा हजयात्रुहरुले हज समितिबाट दिएको परिचयपत्र तथा मौअल्लिमले दिने परिचयपत्र अनिवार्य रुपले साथमा लिई राख्नु पर्दछ वा घाटीमा झुन्ड्याई राख्नुपर्दछ । बाटो बिराउँदा वा कही हराउदाँ परिचयपत्र हेरी अरुले मद्दत गर्न सक्छन् । परिचयपत्र नलिई गएमा वा परिचयपत्र हराएमा धेरै समस्या पर्ने भएकोले परिचयपत्र जतनसँग राख्ने र बाहिर जाँदा सकेसम्म एक्लै नजाने समुह मिलेर जानुपर्दछ ।



- खानापानी तथा वसाई सम्बन्धी कुनै समस्या परेमा हज समितिका प्रतिनिधिहरुलाई जानकारी गराउनुपर्दछ ।
- साउदी नियमले खाना पकाउन नमिल्ने भएमा तोकिएको ठाउँमा वा होटलमा गई तयारी खाना खानुपर्ने हुन्छ वा वैकल्पिक व्यवस्था गर्नुपर्ने हुन्छ । यस सम्बन्धमा हज समितिले समन्वय गर्ने र पहल गर्ने बाहेक केही गर्न सक्ने अवस्था हुदैन ।
- स्वास्थ्यमा कुनै खरावी भएमा वा विरामी परेमा समितिको डाक्टरलाई जचाँई दिएको औषधि सेवन गर्नु पर्दछ । कुनै औषधि समितिबाट उपलब्ध हुन नसकेमा हजयात्रीले आफै किनेर खानु पर्ने हुन्छ ।
- गम्भिर विरामी परी अस्पतालमा जचाउन जानु परेमा वा अस्पताल भर्ना हुनु पर्ने भएमा समितिका प्रतिनिधि तथा स्वयमसेवकले अस्पतालसम्म पुऱ्याउन सहयोग गर्ने छन् । बाटोमा लाग्ने ट्याक्सी खर्च तथा अस्पतालमा कुनै शुल्क लाग्ने भएमा हजयात्रीले आफै तिर्नु पर्ने हुन्छ । साधारणतया साउदी अस्पतालमा कुनै शुल्क लाग्दैन ।
- हजयात्रु विरामी परी अस्पताल भर्ना हुनु परेमा कुरुवा वस्ने वा अस्पतालमा सँगै बसी रेखदेख गर्ने काम विरामीको आफन्त, नातेदार वा गाउँठाउका अन्य हजयात्रुले गर्नुपर्दछ ।
- हजयात्रुहरु आफु वस्ने कोठा, खाना खाने ठाउँ तथा घरको सरसफाईमा विशेष ध्यान दिनुपर्दछ । जथाभावी फोहोर फ्याक्ने र फोहोर गर्ने काम गर्नु हुदैन ।
- हजयात्रुहरुले होहल्ला गर्ने, कुनै विषयलाई लिएर विरोध प्रर्दशन, धर्ना वा आन्दोलन गर्ने जस्ता कार्य साउदी कानूनको सख्त मनाही गरेको छ । कुनै समस्या परेमा हज समितिका प्रतिनिधिलाई जानकारी गराउने वा गुनासो राख्नु पर्दछ, विरोधको कुनै काम गर्नु गराउनु हुदैन । कसैलाई कुटपिट गर्ने वा हुल हुज्जत गर्ने फौज्दारी अपराध गर्नु हुदैन ।
- हजयात्रुहरुले साउदी सरकारले लागू गरेको वा त्यहाँको स्थानीय निकायले लगाएको नियम, कानुन, अनुशासन तथा आचरण पालन गर्नु पर्दछ ।

- ➜ हजयात्रुहरुलाई बसेको ठाउँबाट मस्जिद हरम सम्म आउन जान समितिले व्यवस्था गरेको बसहरुमा आलोपालो गरी समूह मिलाई जानुपर्दछ । वस चढ्न नसकी छुटेमा भिडभाडले गर्दा अर्को वस आउन धेरै समय लाग्न सक्ने भएकोले हजयात्रुहरुले वैकल्पिक यातायातको साधन आफ्नो खर्चमा प्रयोग गर्न सक्छन्
- ➜ हजको लागि तोकिएको प्रक्रिया र तरीका बमोजिम हजका विभिन्न अर्कानहरु पुरा गर्नुपर्दछ । आफुले नजानेका कुराहरु र तरीकाहरु जानकार व्यक्तिहरु वा धार्मिक अगुवा मौलानाहरुबाट सोधेर सही तरिकाले हजका अर्कानहरु पूरा गर्नु जरुरी छ ।
- ➜ हजको लागि गरिने कुर्वानी (जनावरको वली) सस्तोमा गराईदिन्छु भनी ठगी गर्ने व्यक्तिहरुबाट सावधान रहनुपर्दछ । साउदी सरकारले तोकेको रकम जम्मा गरी कुपन लिनु सबभन्दा उत्तम हुन्छ । सम्बन्धित ठाउँमा आफै गई कुर्वानी गर्न गराउन सक्ने भए सो गर्दा पनि राम्रो हुन्छ ।

## ५. एहराम

एहरामको अर्थ केही चिज अबैध गर्नु हो । अर्थात उमरा र हजको नियत गर्नु भन्दा अघिबाट उमरा र हज सम्पन्न नहुन्जेल सम्म लगाईने सेतो बस्त्र नै एहराम हो । एहरामको अवस्थामा केही हलाल चिजहरु पनि अवैध गरिएको हुन्छ । सामान्यतया एहराममा नसिलाएको दुई टुका एउटा लुगीं र चादर नै एहराम हो । गोसल गरेर शुद्ध भएपछि एहराम लगाउनु पर्दछ । यदी कसैलाई गोसल गर्ने अवस्था नभएमा वजु गरेर पनि इहराम लगाउन सकिन्छ । इहराम लगाउनु भन्दा अगाडि खुस्बु तथा अत्तर लगाउन सकिन्छ । इहराम लगाए पछि २ रकात नफल
नमाज पढनु सुन्नत हो । नफल नमाज पढ्दा पहिलो रकातमा सुरह काफेरुन र दोस्रो रकातमा सुरह इख्लास पढनु राम्रो मानिन्छ । सलाम फेरे पछि हजको नियत गर्नु पर्दछ । टाउको खुला राख्नु पर्दछ । हाम्रा हाजी तथा हज्जीनहरुले जिद्दा पुग्दा सम्म इहराम धारण गरेको हुनाले उम्राह सम्म इहरामकै अवस्थामा बस्नु पर्दछ ।



महिलाले घरमा सिलाएको कपडा लगाइ टाउको छोप्नु पर्दछ भने अनुहार खुला राख्नु पर्दछ । इहरामको नियत गर्ने, तल्बिया पढ्ने, इहरामको अवस्थामा गर्न नहुने कार्यहरु नगर्ने ।

## ६. एहरामको नियत

"अल्लाहुम्म इन्नी उरीदुल् उम्रत फयस्सिर्हु ली व तकब्बन्नहु मिन्नी ।"
"हे अल्लाह । म उमराहको नियत गर्दछु, मेरो लागि यसलाई सजिलो पारिदिनु होस र मेरो तर्फबाट यसलाई स्वीकार गरिदिनु होस ।"
यसपछि ३ पटक तल्बिया पढ्नु पर्दछ । तल्बिया पढिसकेपछि निम्न दुआ पढ्नु मुस्तहब राम्रो मानिन्छ ।
"अल्लाहुम्म इन्नी अस्अलुक रिजाक वल्जन्नत व अऊजुविक मिन् गजबिक व मिनन्नार ।"
हे अल्लाह म तपाईको प्रसन्नता र स्वर्ग माग्दछु । अनि तपाईको अप्रसन्नता र नरक बाट शरण माग्दछु ।

## ७. तल्बिया

"लब्बैक अल्लाहुम्म लब्बैक लब्बैक ला शरीक लक लब्बैक इन्नल्हम्द वन्नेमत लक वल्मुल्क ला शरीक लक ।"
अर्थात "म उपस्थित छु, हे मेरो अल्लाह । म उपस्थित छु, म उपस्थित छु , म उपस्थित छु,तिम्रो कोही साझेदार छैन । म उपस्थित छु । निसन्देह सबै प्रशंसा तथा बरदान तिमीलेनै प्रदान गरेका छौ । र शासनसत्ता पनि तिम्रै हो । तिम्रो कोही साझेदार छैन ।"
मक्कामा गर्नु पर्ने पहिलो काम उमरा
मक्का मोअज्जमा पुगी सकेपछि सबै भन्दा पहिलो काममा उमरा गर्नु पर्दछ । उमरामा निम्न कार्य गर्न पर्दछ ।
१. उमराको नियतले एहराम बाध्ने ।

२. खानेकावाको तवाफ गर्ने ।
३. सफा र मर्वाको सई गर्ने।
४. पुरुषले कपाल खौर्याउने र महिलाले एक ईन्च भन्दा केही बढि काट्ने ।

८. एहरामको अवस्थामा गर्न नहुने कार्यहरु
१. सुगन्ध आउने अत्तर,सेन्ट आदि प्रयोग गर्नु हुदैन ।
२. पुरुषले सिलाएको कपडा लगाउनु हुदैन ।
४. टाउको अनुहार छोप्नु हुदैन ।
५. पाप लाग्ने कार्य गर्नु हुदैन । निकाह तथा विवाहको प्रस्ताव गर्नु हुदैन । शिकार गर्न गराउन हुदैन र अरुले शिकार गरि ल्याएको खानु हुदैन आदि ।

९. हजको फर्ज अर्थात अनिवार्य कार्य
१. हजको नियत गर्नु, एहराम बाध्नु र तल्बिया पढ्नु ।
२. हजको लागि अराफातको मैदानमा निश्चित समय सम्म बस्नु ।
३. अरबी महिनाको १० जिल्हिज्जा देखि १२ जिल्हिज्जा सम्म खानेकाबाको परिक्रमा तथा तवाफे जियारत गर्नु ।

१०. हजका अनिवार्यता (वाजिवं) हरु :-
१. हज तथा उमराहको लागि मक्कामा रहेको सफा र मर्वाको बिचमा ७ पटक ओहोर दोहोर गर्नु ।
२. अराफातबाट फर्के पछि मुज्दल्फामा बास बस्ने र मग्रिब तथा ईशाको नमाज एकै साथ पढने ।
३. जमराहहरु अर्थात शैतानहरुलाई (ढुंगा) कंकडीले हान्नु ।



४. हज कार्य सम्पन्न भए पछि खानेकाबाको अन्तिम परिक्रमा अर्थात तवाफे विदा गर्नु ।
५. कुर्वानी गर्नु ।
६. कपाल खौर्याउनु तर महिलाको हकमा १ इन्च भन्दा केही धेरै काटने आदि ।

११. हरम शरिफको सिमा
जिद्दा एयरपोर्ट बाट मक्का तर्फ जानेबाटोमा हुदैयिबा भन्ने स्थानमा दुई वटा स्तम्भहरु छन र त्यही बाटनै हरम शरिफको सिमा प्रारम्भ हुन्छ । यस सिमामा प्रवेस गर्दा निम्न दुआ पढ्नु पर्दछ ।
"अल्लाहुम्म इन्न हाजा हरमुक व हरमुरसलिक फहर्रिम लहमी व दमी व अजमी व बशरी अलन्नारर । अल्लाहुम्मज्अल्नी मिन् औलियाईक व अह्लि ताअतिक व तुब् अलैय्य इन्नक अन्ततौवाबर्रहीम ।"
"हे अल्लाह ।यो तपाई ले र तपाईको रसुल (स) ले स्थापित गरेको हरम हो । तसर्थ मेरो मास, रगत र हाड अग्निको लागि हराम गर्नुहोस । हे अल्लाह क्यामतको दिन आफनो दण्ड, प्रकोपबाट बचाउनु होस र आफनो साथीहरु तथा भक्तहरुमा समावेश गर्नु होस । निश्चयनै तपाई तौवालाई स्विकार गर्ने अत्यन्त दयालु हुनुहुन्छ

१२. मक्का देखिदाको दुआ
"अल्लाहुम्मज्अल्ली विहा करारौ वर्जुक्नी फिहा हलालन्,अल्लाहुम्म बारिक् लना फिहा,अल्लाहुम्मर्जुक्ना व हब्बिब्ना इला अह्लिहा व हब्बिस सालिही अह्लिया इलैना ।"
मस्जिदे हरममा प्रवेश गर्दाको दुआ :-
मस्जिदे हरममा प्रवेस गर्दा पहिला दाहिने खुट्टा राख्नु पर्दछ अनी निम्न दुआ पढ्नु पर्दछ ।
बिस्मिल्लाही वरसलातु वस्सलामु अलारसुलिल्लाही रब्बिग्फिर्लि जुनुवि वफ्तहली अब्वाब रहमतिका ।

१२. खानेकाबा नजर हुदा पढिने दुआ :-

“अल्लाहु अक्बर लाईलाहा इल्लल्लाहु पढने अनी त्यस पछि” अल्लाहुम्म जिद् हाजल्बैत तश्रीफौ व ताजिमौ व तकरीमौ व महावतौ व जिद् मन शरर्फहरु वर्रमहरु मिम्मन हज्जहु बातेमरह तश्रीफौ व तक्रीमौ व वर्रा । अल्लाहुम्म अन्तस्सलामु व मिम्कस्सलामु फर्हैयि्यना रब्बना बिस्सलाम ।अउजो बिरब्बील बैति मिन्दैना वल्फकि वमिन् जोकिस्सद्रि व अजाबिलकब्रि ।

यसै गरी हज्रे अस्बद माथी दुआ पढनु पर्दछ । तवाफको नियत गर्नु पर्दछ । तवाफको नियत गर्दा दुआ पढनु पर्दछ । जमजमको पानी पिउदा दुआ पढनु पर्दछ । यस्तै धेरैं अन्य स्थानहरुमा पुग्दा विभिन्न दुआहरु पढ्नु पर्दछ ।

१४. हजका ५ दिनहरु :

क) ८ जिल्हिज्जा देखि १२ जिल्हिज्जा सम्म :

प्रथम दिन अर्थात ८ जिल्हिज्जाको दिन पहिलेनै उमरा अर्थात तवाफ र सई गरी सकेपछि उतारिएको एहराम लगाउने र दुई रकात नफिल नमाज पढेर तल्बिया, दरुदशरिफ पढ्दै मिना जानु पर्दछ । मिनामा जोहोरको नमाज देखि भोली पल्टको फजिरको नमाज त्यही पढनुपर्दछ । रात भरी मिनामै बस्नुपर्दछ । अनी भोली पल्ट फजिरको नमाज पढि सुर्यदय पछि अराफात तिर जानु पर्दछ ।

ख) दोस्रो दिन अर्थात ९ जिल्हिज्जा

मिनाबाट फजरको नमाज पछि सुर्यउदय भए पछि अराफत तर्फ जानु पर्दछ । अराफातमा पुगेपछि जोहर र असरको नमाज एक साथ पढनु पर्दछ । अराफतमा सकेसम्म नुहानु पर्दछ सो नभएमा वजु गरे पनि हुन्छ । अराफातमा दिनभर बस्नुनै बास्तवमा हज हो । याहा दिनभर दुआ गर्ने, दरुद शरिफ पढने, कुरआनका आयतहरु पढने, आफना सबैको लागि दुआ गर्ने गर्नु पर्दछ । सुर्य अस्ताए पछि तरुन्तै मज्दल्फा तिर जानु पर्दछ। बाटो भरी दरुद शरिफ, तल्बिया, कुरानका आयतहरु पढनु पर्दछ । रातभरी मज्दल्फामा बस्नु पर्दछ । याहा मगिरब र इशाको नमाज एकसाथ पढिन्छ । यो रात निकै उच्च स्तरको



हो । किन कि यसलाई शवेकद्रको भन्दा पनि उच्च मानिन्छ । रातभरी बसेपछि यही फजरको नमाज पढेर ७० वटा सानो सानो चनाको आकारको ढुंगा लिनु पर्दछ ।

ग) तेस्रो दिन अर्थात १० जिल्हिज्जा

यो दिनमा मज्दल्फामा फजरको नमाज पढेपछि सुर्योदय पछि मिना तर्फ जानु पर्दछ । मिना जाने क्रममा बिच बाटोमा पर्ने वादिए मुहस्सर भन्ने स्थानमा पुग्दा अलाहको अजाबलाई सम्झेर फुर्ति साथ अगाढि बढनु पर्दछ किन कि यही स्थानमा अस्हावेफिल माथी अजाब आएको थियो । मिना पुगी सके पछि जमर ए अक्वालाई रमी अर्थात आफुले ल्याएको ढुंगा मध्येबाट ७ वटा ढुगाले एक एक गरी प्रहार गर्नु पर्दछ । यसको समय अपरान्ह सम्म मात्र हो । तर बुढा बुढी, असक्तहरुले दिनभरी पनि रमी गर्न सक्दछन । रमी गर्दा ५ हात टाढा बाट गर्नु पर्दछ । रमी गरि सकेपछि कुर्वानी गर्ने र सो पछि कपाल खौराउने गर्नु पर्दछ। यस दिनको महत्वपुर्ण काम भनेको तवाफ,खानेकाबाको जियारत हो । यो दिनबाट एहराम फुकाल्न सकिन्छ ।

घ) चौथो दिन अर्थात ११ जुल्हिज्जा

यो दिनमा १० जल्हिज्जामा छुटेको तवाफ, कुर्वानी आदि गर्न सकिन्छ । यसको समय भनेको जोहोर भन्दा अगाढि हो । मस्जिदे हनिफामा जोहोरको नमाज पढेपछि तिनवटा सैतान अर्थात पहिलो जमर ए उला लाई ७ वटा ढुंगाले हान्ने । त्यसपछि जमर ए वस्तु लाई ७ चोटी ढुंगाले हान्ने । अनि अन्तिमा जमर ए उखालाई सात चोटी ढुंगाले हान्ने गर्नु पर्दछ ।

ङ) पाचौ दिन अर्थात १२ जिल्हिज्जा

यो दिनमा गर्ने कार्य पनि अघिल्लो दिनको जस्तै हो । कथंकदाचित तवाफ गर्न,कुर्वानी गर्न पनि छुटेको छ भने यस दिनमा पनि पहिला गरी सकेपछि अघिल्लो दिनमा जस्तै ३ वटा सैतानलाई ढुंगाले हिर्कानु पर्दछ र सूर्य अस्ताउनु भन्दा अघिनै मक्कामा फर्कि सक्नुपर्दछ । सो दिनमा सूर्य अस्ताउनुभन्दा अघि फर्कन नसके त्यही मिनामा बस्नु पर्दछ र भोली खेर प्रकृया पुरा गरी

फर्किनु पर्दछ । मक्का बाट मदिना सम्म वा घर नआउन्जेल सम्म जमातका साथ खानेकाबामा नमाज पढने, तवाफ गर्ने गर्नु पर्दछ । खानेकाबाबाट फर्कने बेलामा अन्तिम पटक तवाफ गर्नु पर्दछ यसलाई तवाफे बिदा भनिन्छ र यो वाजिब भित्र पनि पर्न आउँदछ ।

## १५. मक्काका जियारत स्थलहरु

मक्कामा अन्य धेरै महत्वपुर्णजियारत योग्य स्थानहरु रहेका छन । ति स्थानहरुको पनि जियारत गर्न सके धेरै राम्रो हन्छ । जियारत गर्ने स्थानमा रसुल(स)को जन्म घर,गार सौर , गार हिरा जन्नुल मुअलला (जहा रसुलको विवीले आराम गरिरहनु भएको छ ), मस्जिदे जिन आदी स्थानहरु रहेका छन । अन्य पनि धेरै स्थानहरु छन । ति स्थानहरुको बारेमा किताबहरु अध्ययन गर्ने, मक्काका बासिन्दाहरुलाई सोध्ने वा त्यहाका होटल वा जानकारहरुलाई सोधेर तिनीहरुको पनि जियारत गर्नु पर्दछ ।

## १६. मदिना मनोव्वर

मक्काबाट मदिना शरिफ करिब ४००। कि.मि.को दुरीमा रहेको छ । बसबाट यात्रा गर्दा लगभग ८ देखि १० घन्टामा मदिना पुग्न सकिन्छ । मक्काबाट मदिना जादा दरुद व सलाम पढ्दै जानु पर्दछ ।



# तस्विरमा नेपाल हज समितिका गतिविधिहरू

सम्मानीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूबाट
काठमाडौंका हाजीहरुलाई सम्मान गर्ने कार्यक्रमका झलकहरु ।





हाजीको कोटा बृद्धि र राहतको लागि सम्माननीय प्रधानमन्त्रीज्यूलाई
ध्यानाकर्षण पत्र हस्तान्तरण पश्चातको सामुहिक तस्बिर



नेपाल हज समितिको सम्बन्धमा छलफल गर्दै स्वर्गिय पुर्व प्रधानमन्त्री शुशिल कोईरालाज्यूसंग



नेपाल हज समितिको कार्यालयमा समितिका बारेमा जानकारी लिदै तत्कालिन
उपप्रधान तथा गृहमन्त्री बामदेब गौतम र
नेकपा एमालेका केन्दिय सदस्य तथा पुर्व सभासद नजीर मिया



हाजीकोकोटा सम्बन्धमा साउदीका राजदुत तत्कालिन उपप्रधान तथा गृहमन्त्रीको रोहबरमा
गृह मन्त्रालयमा छलफल पछिको क्षण




बुटवल रुपन्देहीमा गरिएको सम्मान कार्यक्रमका केही झलकहरु





माननीय गृहमन्त्री शक्ति बहादुर बस्नेतज्यूबाट कास्की, स्याङ्गजा, तनहु, गोर्खा, चितवन र पाल्पाका हाजी तथा हज्जीनहरुलाई पोखराको मिया पाटनमा सम्मान गरिदै ।









बाके, बर्दिया र दाङ जिल्लाका हाजी तथा हज्जीनहरुलाई बाकेको नेपालगन्जमा सम्मान कार्यक्रमका केही झलकहरु





कपिलबस्तुमा गरिएको सम्मान कार्यक्रमका केही झलकहरु





सुनसरीमा गरिएको सम्मान कार्यक्रमका केही झलकहरु





बारामा गरिएको सम्मान कार्यक्रम





नेपाल हज समिति समेतको आयोजनामा गरिएको इफतार कार्यक्रम





नेपाल हज समितिको बैठकको एक झलक





स्वर्गिय पुर्व प्रधानमन्त्री शुशिल कोईरालाज्यूसंग हज समितिका सम्बन्धमा छलफल पश्चात बालुवाटारबाट बाहिरिदै



सन् २०१५का हज यात्रुहरुलाई हवाइ सेवामा उल्लेखनीय सहयोग गरेकोमा इत्तेहाद एयरवेजलाई सम्मान गरिदै



बुटवलको सम्मान कार्यक्रममा सहभागी हुन जादै सुचना तथा संचार मन्त्रीको साथमा



नेपाल हज समितिका सल्लाहाकार एवं साउदी अरबको राजदुतका लागि सिफारिस हुनु भएका अलिअख्तर मिकरानीज्यूलाई हज समितिले बधाई दिएपछिको एक झलक




हजको सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा कतारका राजदुत संगको छलफल पश्चात



साउदीको हज मन्त्रालयका प्रतिनिधिलाई मायाको चिनो हस्तान्तरण गर्दै अध्यक्ष ताज महमद मिया






प्रकाशक

नेपाल सरकार

गृह मन्त्रालय

**नेपाल हज समिति,**

सिहंदरबार, काठमाडौं ।